ehetaudasandesh.com
हेटौंडा सन्देश
राष्ट्रिय दैनिक
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily

वर्ष: २५ ॥ अंक: ३२० ॥ सोमबार २८ बैशाख २०८३ ॥ नवमी ॥ ने.सं. ११४६ ॥ बछलागा ॥ Monday 11 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्य: रु.३/-

## एसइईको नतिजा बैशाख २९ गते

सन्देश संवाददाता

काठमाडौं/माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा यही वैशाख २९ गते सार्वजनिक गर्न अन्तिम तयारी भइरहेको राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ ।

सरकारले यसपालिदेखि एसइई परीक्षाको नतिजा एक महिनाभित्रै सार्वजनिक गर्ने घोषणा गरेअनुसार मंगलबार मिति तय गरिएको हो । बिगतमा करिब तीन महिना लाग्दै आएको एसइई नतिजा प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकारले पहिलो पटक एक महिनामा ल्याउन लागेको हो ।

राष्ट्रिय परीक्षा बोर्डका परीक्षा नियन्त्रक टुकराज अधिकारीले तोकिएकै समयमा नतिजा सार्वजनिक हुने बताएका छन् । 'तोकिएअनुसार नतिजा सार्वजनिक हुन्छ । हामी त्यसमै खटिइरहेका छौं,' उनले भने । बांकी रहेको काम सकिए त्यसअघि नै नतिजा सार्वजनिक हुन सक्ने पनि उनले बताए ।

'रूजुको काम अन्तिम चरणमा पुगि सकेको छ । उत्तरपुस्तिकाहरू नहराऊन् भनेर रिभ्यूको काम भइ-रहेको छ । त्यो काम सकिएपछि नतिजा सार्वजनिक गर्ने प्रक्रियामा जानेछौं' उनले भने ।

सम्पूर्ण प्रक्रिया पूरा भएपछि बोर्ड बैठक बसेर तत्कालै नतिजा सार्वजनिक गरिनेछ । ईच्छाशक्ति भएका काम सम्भव हुन्छ उनले भने

### वातावरणको उत्कृष्ट नमुना बनेको छ हुप्रा : सिग्देल

# "निर्माण काम रोकिदैन"

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगर पालिका वडा नम्बर ४ का वडा अध्यक्ष नविन सिग्देलले हुप्रचौरमा बन्न लागेको बृद्बबृद्वा बिश्रामस्थल कुनै पनि हालतमा नरोकिने बताएका छन् ।

शनिवार आधुनिक राष्ट्रिय माध्यमिक बिद्यालयमा आयोजित पत्रकार सम्मेलनमा उनले ठूला पिल्लरहरु जति निर्माण भए होस अबको निर्माण कार्यमा केही परि-वर्तन गरेर काम सुचारु गरिने बताए ।

यसअघि हेटौंडा सन्देशमा प्रकाशित समाचारमा आफुले भौतिक संरचना निर्माण गर्न कसैले रोक्न सक्दैन नभनेको भन्दै भत्सर्ना गरे । तर, पुन: संरचना बनाउन भने नरोकिने र कसैसंग बार्ता तथा छलफल पनि नगर्ने उनको दावी थियो ।

वडा अध्यक्ष सिग्देलले हेटौंडा सन्देशले बिज्ञापन नदिएको आक्रोस पोखेर रिस साधन यो अनावश्यक बिषयलाई हाईलाईट गरेको र अर्को पक्षले यसमा मलजल गर्दै बृद्व आश्रमस्थान निर्माणलाई प्रतिष्ठाको बिषय बनाएकोमा उनले आपत्ति जनाए ।

हुपचौरमा निर्माणाधिन बृद्वबृद्वा बिश्राम कक्ष बनाउदैमा चौरको लालपुर्जा नै नविन सिग्देलले बनाउन लागेको जस्तो गरेर बिरोधमा उत्रनेप्रति चुनौती दिदै नगरको १९ वडामध्ये सबैभन्दा बढी वातावरणको क्षेत्रमा आफुले काम गरेको दावी गरे ।

हुप्रचौर खुल्ला राख्नुपर्छ, त्यहा कुनै पनि स्थायी प्रकृतिका संरचना बन्नु हुदैन, त्यहा फलफुलका बिरुवा, दुबोसहितको खुल्ला क्षेत्र हुनुपर्ने भन्दै हेटौंडा सन्देशले समाचार प्रकाशन गरेको थियो ।

वडा अध्यक्ष सिग्देलले हुपचौर खाली राखौं अभियान सञ्चालन गर्ने तत्वहरुले आफुसंग छलफल गर्न आउनु पर्नेमा नगर प्रमुख र प्रमुख जिल्ला अधिकारीसंग ज्ञापनपत्र बुझाएको प्रति रोष प्रकट गरे ।

हुप्रचौरलाई खुल्ला राख्नुपर्छ भन्दै गठन गरिएको लोकतान्त्रिक हुप्रचौर ब्यवस्थापन समिति तथा हुपचौर सरोकार समिति नामक संस्थाहरुले पनि कंक्रिटजन्य निर्माण गर्न गर्न नहुने भन्दै सल्लाह दिदै आएका छन् ।

हेटौंडा उपमहानपालिकाका पुर्व नगर प्रमुख तथा समितिका संयोजक हरिबहादुर महतले 'हुप्रचौर केवल ४ नम्बर वडाको मात्र सम्पत्ती होईन, र केही जनप्रतिनिधिले मेरो अन्तर्गत रहेको क्षेत्र हो भनेर दावी गरेमा मेरो आपत्ति रहनेछ । बृद्वा आश्रम कक्ष निर्माणका लागि खुल्ला चौरभन्दा नजिक अन्य स्थानहरु पनि भएकोले छलफल गरेर अघि बढ्न उनले अनुरोध गरे ।

उता स्थानीयबासीले स्थानीय सरकारले हुप्रचौर क्षेत्रमा स्थायी संरचना निर्माणको थालनी गरेकोमा छलफल आवश्यक भएको बताएका छन्। तर विकासको नाममा शहरका सीमित खुल्ला क्षेत्र मास्नु विकास होइन। विकास भनेको खुला क्षेत्र-लाई अझ व्यवस्थित, हरियाली युक्त, सुन्दर र जनमैत्री बनाउनु हो उनीहरुले भनेका छन् ।

बृद्व, बालबालिका, अपाङ्गका लागि प्रतिक्षालय बनाउने कार्य नराम्रो होईन् यसको बिरोध पनि गरिएको होईन तर छलफल गरेर पिल्लर बाहेकको फल्चा टाईपको संरचना बनाउदा अति उपयुक्त हुने उनीहरुको सुझाव छ ।

तर, वडा कार्यालये आफ्नो गोरुको बाह्रै टक्का भनेजस्तो यत्रो बिवाद भएपछि सरोकारवाला पक्षलाई बोलाएर कसरी काम गर्न सकिन्छ, सरकारी बजेट फ्रिज हुनसक्छ भन्नुको साटोमा आफ्नै

### संरचना कस्तो बनाउने छलफल गरौं





हेटौंडा/हेटौंडा-४ मा रहेको हुप्रचौरुलाई खुल्ला राख्नुपर्छ भन्ने बिषयको बिवादलाई कसैले पनि प्रतिष्ठाको बिषय नबनाई कस्तो संरचना बनाउने भन्ने बिषयमा छलफल गर्न सरोकारवाला निकायहरुले माग गरेका छन् ।

हुपचौरको ब्यवस्थापन पक्ष हेरिरहेको लोकतान्त्रिक हुप्रचौर ब्यववस्थापन समिति र हुप्रचौर सरोकार समितिले अनावश्यक झमेला गरेर काम रोक्नुभन्दा छलफलबाट अस्थायी प्रकारको संरचना कसरी निर्माण गर्न सकिन्छ भनेर वडा कार्यालयले छलफल चलाउन आवश्यक रहेको उनीहरुले औंल्याएका छन् ।

लोकतान्त्रिक हुप्रचौर ब्यववस्थापन समितिका अध्यक्ष हरिबहादुर महत र हुप्रचौर सरोकार समितिका अध्यक्ष दिपक खड्काले वडा कार्यालयले फरक बिचार राख्ने पक्षहरुलाई बोलाएर कसरी अघि बढ्न सकिन्छ भनेर छलफल गर्न किन कन्जुस्याई रहेको भनेर प्रश्न राखेका छन् ।

## रन्थनिदै वडा अध्यक्ष सिग्देल

सन्देश संवाददाता



हेटौंडा/हुप्रचौरमा स्थायी संरचना बनाउनु हुन्न भन्ने बिषयमा स्थानीयबासीको जनसमर्थन बढ्दै गएपछि हेटौंडा उपमहानगर पालिकाका वडाअध्यक्ष नविन सिग्देल रन्थनीएका छन् ।

आधुनिक राष्ट्रिय माविको पुरस्कार बितरण समारोहको पुर्व सन्ध्यामा पत्रकार सम्मेलन गर्दै उनले पत्रकारलाई आक्षेप लगाउने र शाही शासनकालमा मिच्न लागेको हुप्रचौर-लाई आफुले बचाएको सुनाए ।

हिजो आईतवार सम्बृद्व समाज दैनिकमा बिशभ अधिकारीले उनको बिपक्षमा आलेख लेखेको पढेपछि तत्कालिन शाहीकालका नगर प्रमुख मधु अधिकारीले चौर सानो गराउन खोजेको हुप्रचौर मैले नै ठूलो बनाएको दावीसमेत गरे ।

उनले अधिकारीको आलेखबाट जनसमर्थन बढ्ने आकलन गर्दै बिशभ अधिकारीलाई नकारात्मक देखाउन उनका बुवा मधु अधिकारीले मिच्न खोजेको आरोप लगाउदै आफु चोखो बन्न खोजेका हुन् ।

वडाको बिकास निर्माणका कामहरुमा स्थानीयबासीसंग कुनै सरसल्लाह नै गर्न नचाहने उनको लहडी बानीले वडाअध्यक्ष सिग्देलले २ पटक झापटसमेत भेटिसकेका छन् ।

## चरणबद्व बिरोध गर्छौं -जेनजि काउन्सिल

सन्देश संवाददाता

हेटौंडा-४ अन्तर्गत पर्ने हुप्राचौर क्षेत्र हेटौंडा नगरको अत्यन्त महत्वपूर्ण खुला सार्वजनिक स्थल हो । यो स्थान लामो समयदेखि स्थानीयवासीहरूको दैनिक जीवनसंग जोडिएको, बिहान बेलुका व्यायाम, खेलकुद, बाल-बालिकाको खेल, सामाजिक भेटघाट तथा विश्रामका लागि प्रयोग हुंदै आएको क्षेत्र हो ।

हाल उक्त क्षेत्रमा प्रतीक्षालय लगायतका संरचना निर्माण गर्ने प्रक्रिया अघि बढाइएको भन्ने विषयप्रति स्थानीय नागरिक, युवा, सामाजिक अगुवा तथा सरोकार-वालाहरूको गम्भीर चिन्ता र असन्तुष्टिलाई सम्बोधन गर्दै निर्माण कार्य रोक्न द काउन्सिल अफ जेनजि, मकवानपुरका संयोजक आश्मिन रसाइलीले आग्रह गरेका छन् ।

उनले हेटौडा सन्देशसंग भने 'हामीले हस्ताक्षर अभियानसमेत सञ्चालन गरेका छौं, करिव ४०० बढी स्थानीयबासीले हस्ताक्षरसमेत गरेको उनले बताए । जसले नागरि-कको व्यापक चासो र विरोधलाई स्पष्टरूपमा देखाउंछ । हुप्राचौर हेटौंडा नगरको मुटु हो । सहरीकरण तीव्र रूपमा बढिरहेको वर्तमान अवस्थामा खुला सार्वजनिक स्थानहरू अत्यन्त आवश्यक देखिन्छ संयोजक रसाईलीले भनेका छन् ।

नेपाल भूकम्पीय जोखिमयुक्त देश भएकाले हुप्राचौर जस्ता खुला स्थानहरू विपद् व्यवस्थापनका दृष्टिले पनि अत्यावश्यक छन् । आपत्कालीन अवस्थामा यस्ता खुला क्षेत्रहरू सुरक्षित जमघट स्थलकारूपमा प्रयोग गर्न वडा कार्यालयसंग माग गर्दछौं ।

आईतवार भएको पत्रकार सम्मनेलबाट वडाअध्यक्षज्यू आक्रामक बन्नु भएको भए हामी पनि कडारुपमा प्रश्तुत हुन्छौं । पहिला हामीले यस बिषयलाई सामान्यरुपमा लिएका थियौ, सरकोवारवाला निकायका जिम्मेवार ब्यक्ति नै ब्यक्तिगत गाली गलौचमा उत्रिएपछि अबका दिनमा हामी पनि चरणबद्व बिरोधका कार्यक्रम गर्न बाध्य हुनेछौं उनले भनेका छन् ।

उनले भने 'अब हामी मागपत्र सहित सरोकारावाला निकायको ध्यानाकषर्ष गर्नका लागि निम्नानुसार का मागहरु राख्दछौं । १. हुप्राचौर क्षेत्रमा बन्ने कुनै पनि प्रकारको संरचनाको निर्माण कार्य तत्काल रोकियोस् । २. हुप्राचौरलाई खुला सार्वजनिक स्थलका रूपमा दीर्घ-कालीन संरक्षण गरियोस् । .उक्त क्षेत्रलाई शान्ति उद्यान (Peace Park) का रूपमा विकास गर्ने नीति अवलम्बन गरियोस् । ४. हरियाली करण, वृक्षारोपण, दुबो रोपण, पैदलमार्ग, ध्यान, योग क्षेत्र, खुला व्यायाम स्थल निर्माण गरियोस् । ५. स्थानीय नागरिकको सुझाव, सहभागिता र सहमति बिना कुनै निर्णय अगाडि नबढाइयोस् ।

लहडमा पत्रकार सम्मेलन गरेर ब्यक्तिगत गालि गलौचमा उत्रिने कार्य वडा अध्यक्ष जस्तो ब्यक्तिलाई कदापी शोभा दिदैन, सरोकार समितिका सहसंयोजक कमल मैनालीले भने ।

### अनुमति बिना सञ्चालन भएका

# 'अटो/मयुरीमाथि कडाई

सन्देश संवाददाता



हेटौंडा/उपमहानगरपालिकाले नगर क्षेत्रभित्र अनुमति नलिई सञ्चालन भइरहेका तीनपाङ्ग्रे विद्युतीय अटो तथा मयुरी सवारी साधनमाथि कडाइ गर्ने भएको छ । उपमहानगरपालिकाले आईतवार सार्वजनिक सूचना जारी गर्दै स्टिकर (परमिट) बिना सञ्चालनमा रहेका सवारी साधनलाई नियन्त्रणमा लिएर कारवाहीको दायरामा ल्याइने जनाएको हो ।

उपमहानगरपालिकाका अनुसार नगर क्षेत्रभित्र सञ्चालन हुने तीनपाङ्ग्रे विद्युतीय तथा अटो मेकानिक्स सवारी साधनको संख्या एकिन गरी २०७६ पुस ६ गतेदेखि लागू हुने गरी प्रत्येक वर्ष स्टिकर टाँसेर मात्रै सञ्चालन अनुमति दिने व्यवस्था लागू गरिएको थियो । सोही व्यवस्थाअनुसार हालसम्म नगर क्षेत्रमा २ हजार ३५ वटा तीनपाङ्ग्रे सवारी साधनले नियमितरूपमा स्टिकर लिएर सञ्चालन गरिरहेका छन् ।

तर, पछिल्लो समय विभिन्न गाउंपालिका तथा बाहिरी जिल्लाबाट अटो तथा मयुरी सवारी ल्याएर उप-महानगरपालिकाको अनुमति बिना नै सञ्चालन गर्ने क्रम बढ्दै गएको उप-महानगरपालिकाले जनाएको छ । जसका कारण नगर क्षेत्रमा ट्राफिक व्यवस्थापन, यातायात सञ्चालन र मजदुरहरूको रोजगारीमा समेत समस्या देखिन थालेको भन्दै २०७६ सालपछि दर्ता भएका तीनपाङ्ग्रे सवारी साधन सञ्चालन गर्न निषेध गरिएको उल्लेख गरिएको छ ।

उपमहानगरपालिकाले प्रचलित ऐन, कानून तथा नेपाल सरकारको नीतिअनुसार समग्र यातायात मजदुर हरूको हकहितलाई मध्यनजर गर्दै आगामी दिनमा विद्युतीय सवारी साधन 'एक्सचेञ्ज' सम्बन्धि नीति तथा नियम तर्जुमा गर्ने तयारी भइरहेको पनि जनाएको छ । सोहीअनुसार परमिट वा स्टिकर नलिई सञ्चालन भइरहेका सवारी साधनमाथि जिल्ला ट्राफिक प्रहरी कार्यालय तथा नगर प्रहरीसंग समन्वय गरी अनुगमन तीव्र बनाइने र आवश्यक कारवाही गरिने सूचनामा उल्लेख गरिएको छ ।

हालसम्म स्टिकर टाँसेर व्यवस्थित गरिएका सवारी साधन बाहेक अन्य कुनै पनि तीनपाङ्ग्रे सवारीलाई नगर क्षेत्रमा सञ्चालन अनुमति नदिएको स्पष्ट पारेको छ । यद्यपि केही कम्पनीहरूले सम्बन्धित निकायसंग समन्वय र अनुमति नै नलिई 'अनुमति पाइन्छ' भन्दै रातो नम्बर प्लेट भएका तीनपाङ्ग्रे सवारी बिक्री गरिरहेको र पछि भाडाको नम्बर प्लेट दिलाइदिने प्रलोभन देखाइरहेको गुनासो प्राप्त भएको जनाएको छ ।

यातायात मजदुर संगठनहरूले समेत यस विषयमा उपमहानगर पालिकाको ध्यानाकर्षण गराएको जनाउंदै नगरपालिकाले सर्वसाधा-रणलाई त्यस्ता प्रलोभनमा नपर्न आग्रह गरेको छ । अहिलेको अवस्थामा नयां तीनपाङ्ग्रे सवारी खरिद गर्दा सञ्चालन अनुमतिसम्बन्धि भ्रममा नपर्न र आधिकारिक जानकारी लिएर मात्रै निर्णय गर्न अनुरोध गरिएको हो ।

यदी कसैले यो सूचनाको बेवास्ता गर्दै कसैले पनि त्यस्ता सवा-री साधन खरिद गरे वा सञ्चालनमा ल्याए त्यसबाट उत्पन्न हुने समस्या तथा क्षतिको जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्था स्वयंले लिनुपर्ने चेतावनी हेटौंडा उपमहानगर पालिकाले दिएको छ ।

## सिन्धुली र चितवनमा एकैदिन ३ जनाको मृत्यु

सन्देश संवाददाता

हेटौंडा/प्रदेशको सिन्धुली र चितवन जिल्लामा एकैदिन छुट्टाछुट्टै दुर्घटनामा ३ जनाको मृत्यु भएको छ । चितवनमा दुईजना र सिन्धुलीमा एकजना गरी तीनजनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

सिन्धुलीको दुधौली नगर पालिका-४, पाखाभित्तामा चट्याङ लागेर एकजना वृद्धको मृत्यु भएको छ । शनिबार राती वर्षासँगै परेको चट्याङ लागेर स्थानीय ७० वर्षीय पूर्णबहादुर बुढाथोकी घाइते भएका थिए । उपचारका लागि सिर्थौली नगर अस्पताल लगिएकोमा डाक्टरले बुढा थोकीलाई राती १० बजेर ५० मिनेटको समयमा मृत्त घोषण गरेको हो ।

चितवनको राप्ती नगरपालिका-७ वीरेन्द्रनगरमा ट्रिपरको ठक्करबाट एक बालकको मृत्यु भएको छ । पूर्व-पश्चिम राजमार्गमा शुक्रबार खैरहनीदेखि भण्डारातर्फ जाँदै गरेको बा प्र ०३-००१ ख ११९७ नम्बरको ट्रिपरको ठक्करबाट बाटो काट्ने क्रममा राप्ती नगरपालिका-१, परेवाकोटका ८ वर्षीय इसाक प्रजा गम्भिर घाइते भएका थिए । प्रजाको उपचारको क्रममा पुष्पाञ्जली अस्पताल भरतपुरमा शनिबार बिहान ४ बजेर २१ मिनेटमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

चितवन मेडिकल कलेज भरतपुरमा उपचारपश्चात घाइते लाई पुष्पाञ्जली अस्पताल लगिएको थियो । ट्रिपर र ट्रिपर चालक राप्ती नगरपालिका-६, भण्डाराका ३० वर्षीय सञ्जय मोक्तान प्रहरीको नियन्त्रणमा रहेको छ ।

यस्तै, चितवनकै रत्ननगर नगरपा लिकामा मोटरसाइकलको ठक्करबाट एकजना पैदलयात्रीको मृत्यु भएको छ । रत्ननगर-१ स्थित भित्री सडकखण्डमा टाँडीबाट भट्टचोकतर्फ जाँदै गरेको ग ८ प २००८ नम्बरको मोटरसाइ कलको ठक्करबाट पैदलयात्री रत्ननगर-१४ की ७५ वर्षीय कृष्णमाया मगर गम्भिर घाइते भएकी थिइन् ।

स्थानीय बकुलहर अस्पताल टाँडीमा उपचारको क्रममा राती ७ बजेर २२ मिनेटको समयमा डाक्टरले मगरलाई मृत्त घोषणा गरेको हो ।

## ३१ लाइसेन्स निलम्बन सिफारिस

काठमाडौं/काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले ३१ जनाको सवारी लाइसेन्स निलम्बनका लागि यातायात व्यवस्था विभागमा पठाइएको छ ।

एसएसपी नवराज अधिकारीका अनुसार उनीहरूले पाँच पटकभन्दा बढी सवारी नियमको उल्लंघन गरेकोले उनीहरुको सवारी लाईसेन्स खारेजीको सिफारिस गरिएको हो ।

# खेलकुद र शिक्षामा ४ नम्बर वडा उत्कृष्ट: श्रेष्ठ



सन्देश संवाददाता

हेटौडा/हेटौंडा उपमहानगर पालिका ४ नं. वडा कार्यालयले भौतिक पूर्वाधारसंगै शिक्षा र खेलकुद क्षेत्रमा गरेको क्रियाकलाप निकै अनुशरणायोग्य रहेको बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले बताएका छन् ।

४ नं. वडा कार्यालयको आयोजनामा र शैक्षिक गुणस्तर सुधार समिति, हेटौंडा-४ को व्यवस्थापनमा भएको तेस्रो वडा खेलकुद महोत्सव र वडामा कक्षा ८ मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी र शिक्षकलाई पुरस्कृत र सम्मान कार्यक्रममा बोल्दै श्रेष्ठले यस्तो खुलास गरेका हुन् । शिक्षाको गुणस्तर सुधार आजको प्रमुख कार्य रहेकोले यस्तो शैक्षिक क्रियाकलापले शिक्षा क्षेत्रमा स्वस्थ प्रतिस्पर्धा श्रृजना गर्ने, विद्यार्थीको प्रतिभालाई प्रस्फुटित गर्ने र समग्र शैक्षिक विकासमा टेवा पुऱ्याउने बताए ।

कार्यक्रममा ४ नं. वडा अध्यक्ष नवीन सिग्देलले बिगत वर्षदेखि नै वडा कार्यालयले विद्यार्थी र शिक्षक केन्द्रीत शैक्षिक क्रियाकलाप सञ्चालन गर्दै आईरहेको जानकारी गराए । उनले शिक्षामा प्रतिफल प्राप्त गर्न शिक्षामा लगानी अभिवृद्वि गर्नुपर्ने र सामुदायिक र संस्थागत विद्यालय बीचमा सहकार्य गर्न यस्ता कार्यक्रमको माध्यमद्वारा शिक्षक र विद्यार्थीलाई स्वस्थ प्रतिस्पर्धी बनाउन सके शिक्षामा उल्लेख्य सुधार गर्न सकिने बताए ।

'हामीले केवल सम्मान र पुरस्कृत मात्र गरिरहेका छैनौं शिक्षालाई तीनै तहको सरकारले लगानी अभिवृद्वि गर्न अभियान, जागरण र दवाव पनि श्रृजना गरि रहेका छौ, यस कार्यमा सबै पक्षले अंगिकार गर्दै अघि बढाउनु पर्नेमा सिग्देलले जोड दिए ।

कार्यक्रममा तेस्रो खेलकुद महोत्सवमा नगरस्तरीय फुटलबल प्रतियोगितामा विजयी हुने प्रगति मावि र उपविजेता रक्सल एकेडेमी, क्रिकेटतर्फ विजेता भुटनदेवी मावि, उपविजेता श्रमिक मावि, भलिवल

. . .बांकी ३ पेजमा

## सऱ्यो प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

सन्देश संवाददाता


प्रदेश खेलकुद विकास परिषद्
PROVINCE SPORTS DEVELOPMENT COUNCIL
बागमती प्रदेश, हेटौंडा, नेपाल
Bagamati Province, Hetauda, Nepal

हेटौंडा/बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सारिएको छ। बागमती प्रदेश खेलकुद विकास परिषद्ले आयोजना गर्न लागेको प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सारिएको हो ।

परिषद्को पूर्व निर्धारित कार्यक्रमअनुसार जेठ १ गतेदेखि ३ गतेसम्म सञ्चालन हुने भनिएको थियो । परिषद्ले विद्याथीहरुको परीक्षाका कारण प्रतियोगिता सारेको जनाएको छ । परिषद्का सदस्य सचिव दीपक लामाका अनुसार प्रतियोगिताको मिति जेठ १३ गतेदेखि १५ गतेसम्म सञ्चालन हुने गरी तयारी गरिएको छ ।

प्रतियोगितामा सहभागी हुने विद्यार्थीको वार्षिक परीक्षाको कारण साविकको मितिमा प्रतियोगिता सञ्चालन गर्न असहज हुने देखिएकाले मिति परिवर्तन गरिएको उनले बताए । परिषद्ले जिल्ला छनोट बाट आएका सम्पूर्ण खेलाडी, प्रशिक्षक तथा अफिसियलहरुलाई नयाँ तय गरिएको मितिमा सहभागी हुन र सोहीअनुसार तयारी अवस्थामा रहन उनले आग्रह गरे ।

प्रतियोगिता मकवानपुर र काठमाडौंमा सञ्चालन हुने उनले बताए । परिषद्ले १३ वटै जिल्ला खेलकुद विकास समितिलाई सहभागी हुने खेलाडी, प्रशिक्षक र अफिसियल-हरूको विवरण यथाशीघ्र परिषद्मा पठाइदिनसमेत उनले निर्देशन दिएका छन् ।



**उखान:** घर जलेपछि कुवा खन्ने ।

**IIII बेलाको बोली IIII**

कसैसंग दुःखी हुनु भन्दा एक्लै दुःखी हुनु धेरै जाती ।

*- मार्लिन मुनरे*

## सम्पादकीय

## पत्रकारिता क्षेत्रको चुनौती

*गत बैशाख २४ गते राष्ट्रिय पत्रकारिता दिवस मनाइएको छ । वि.सं. १९५८ वैशाख २४ मा पहिलो समाचारमूलक पत्रिका गोरखा पत्र प्रकाशन आरम्भ भएको ऐतिहासिक दिनको स्मरणमा यो दिवस मनाउने गरिन्छ । जहानियाँ राणा शासनको कठोर समयमा सरकारी मुखपत्रकै रुपमा भए पनि समाचारमूलक प्रकाशनको जग बस्नु सूचनाको क्षेत्रमा एक क्रान्तिकारी कदम थियो । आज सूचना प्रविधिको तीव्र विकासले पत्रकारितामा अवसरका नयाँ ढोका त खोलेको छ, तर सँगै गलत सूचनाको बाढी र विश्वसनीयताको संकटले यस क्षेत्रलाई चुनौतीपूर्ण मोडमा उभ्याइदिएको छ । नेपाली पत्रकारिताको इतिहास बनारसबाट शुरू भएको गोर्खा भारत जीवन (वि.सं. १९४१) सँग जोडिए पनि मुलुकभित्रैबाट यसको औपचारिक ढोका गोरखापत्रले नै खोलेको हो ।*

*पञ्चायतको कालरात्रिमा पत्रकारिता निरंकुशता विरुद्धको मोर्चाका रुपमा स्थापित भयो । हाम्रा अग्रजहरु जेल, नेल र यातना भोगेरै प्रेस स्वतन्त्रता र लोकतन्त्रका लागि लडेका थिए । २०४६ सालको राजनीतिक परिवर्तनपश्चात् निजी क्षेत्रको प्रवेशले पत्रकारितामा गुणात्मक र संख्यात्मक फड्को मार्‍यो । हाल छापा, रेडियो र टेलिभिजन हुँदै हामी डिजिटल युगमा प्रवेश गरेका छौं, जहाँ नागरिकलाई सुसूचित गर्ने र सत्तालाई जवाफदेही बनाउने राज्यको चौथो अंगका रुपमा पत्रकारिता अझै सशक्त बन्नुपर्ने दायित्व बढेर गएको छ । अहिले पत्रकारिता क्षेत्र बहुआयामिक चुनौतीबाट गुज्रिरहेको छ । पहिलो चुनौती विश्वसनीयता र सम्पादकीय स्वतन्त्रताको हो । सञ्चार गृहहरु लगानीकर्ताको रुचि र विज्ञापनदाताको दबाबबाट मुक्त हुनुपर्छ । पत्रकारहरुले तथ्यमा आधारित रहेर सूचना सम्प्रेषण गर्नु अहिलेको मुख्य कार्यभार हो ।*

*समग्रमा हेर्दा व्यावसायिक मर्यादा कायम राख्दै आत्मनिर्भर, सुरक्षित र स्वतन्त्र प्रेसको सुनिश्चितता गर्नु आजको आवश्यकता हो । श्रमजीवी पत्रकारहरुको बिमा, स्वास्थ्योपचार र सामाजिक सुरक्षाको ग्यारेन्टी गर्दै आर्थिक संकटको समयमा सरकारले अभिभावकीय भूमिका निर्वाह गर्नुपर्छ । डिजिटल साक्षरता र आर्थिक दिगोपनलाई आत्मसात् गर्दै सत्यको पक्षमा निर्भीक भई उभिनु नै नेपाली सञ्चार क्षेत्रको अबको गन्तव्य हुनुपर्छ ।*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको

## तपाईंको आज

**मेष** नोकरी वा पेशामा प्रभाव बढ्ने योग देखिन्छ । पहिलाका निर्णयहरूबाट मनग्य लाभ मिल्नेछ । शिक्षाको क्षेत्रमा सफलता मिल्नेछ ।

**बृष** स्वार्थको लागि नक्कली साइनो गास्नेहरूबाट सजग रहनुहोला । कार्यक्षेत्रमा अधिकारी वर्गहरूबाट सहयोग पाइने योग देखिएको छ ।

**मिथुन** सन्तान वा शुभचिन्तकहरूको साथले कार्यक्षेत्रमा उत्साह जाग्नेछ । विशेष उपलब्धि प्राप्तिका केही समय प्रतीक्षा गर्नुपर्ने हुनसक्ला ।

**कर्कट** रोकिएका कामहरु पुनः दोहोर्‍याएर गर्नुपर्ला । पुरुषार्थी कामले समाजमा नाम स्थापित गराउनेछ । उद्योग व्यापारमा फाइदा हुन सक्छ ।

**सिंह** ~~सन्तान वा शुभचिन्तकहरूको साथले कार्यक्षेत्रमा उत्साह जाग्नेछ । विशेष उपलब्धिका लागि केही प्रतीक्षा गर्नुपर्ला ।~~

**कन्या** तारिफयोग्य कार्यबाट लोकप्रियता प्राप्त गर्न सक्नु हुनेछ । आम्दानीका स्रोतहरु सबल बन्नुका साथै जीवन शैलीमा व्यापक सुधार आउनेछ ।

**तुला** घर परिवारको सहयोगले मनलाई सन्तोष मिल्नेछ । कार्यक्षेत्रमा नयाँ कामको प्रस्ताव आउनेछ । कानुन विपरीत कार्य नगर्नुहोला ।

**बृश्चिक** कमी कमजोरीबाट फाइदा उठाउनेहरू सक्रिय रहनेछन् । व्यवसायमा पुरानो हिसाब किताब सुल्झाउन समय लाग्नुका साथै मित्रहरूको सहयोग मिल्नेछ ।

**धनु** कार्यक्षेत्रमा पहिलाका सहयोगीहरू प्रतिस्पर्धी रूपमा देखिनेछन् । अति महत्वकांक्षाले केही समस्या आउन सक्नेछ जसले समस्या दिनसक्ला ।

**मकर** पहिलाका कमीकमजोरीलाई सुधार गर्ने समय रहेको छ । प्रतिद्वन्दीहरू बढ्नेछन । कार्यक्षेत्रमा शुभचिन्तक हरूको साथ रसमर्थन पाइनेछ ।

**कुम्भ** नयाँ लगानीमा जोखिम बढ्न सक्छ । कार्यक्षेत्रमा कार्यको सफलताले नयाँ कार्य गर्ने हौसला जाग्नेछ । नँया पहिरनले व्यक्तित्वमा आकर्षण ल्याउनेछ ।

**मिन** लगानी लगाएर दिगो कार्य प्रारम्भ गर्न सकिनेछ । टाढाका मित्रहरूसँग सम्पर्क बढ्नेछ । लामो यात्रा गर्ने सुभअवसर जुट्न सक्नेछ ।

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
विज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# वन क्षेत्रको कार्यक्रम र बजेटका प्राथमिकता



✍विजयराज पौड्याल



सामान्यतया वन क्षेत्रले वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, भू-संरक्षण तथा जलाधार व्यवस्थापन र हालका दिनमा जलवायु परिवर्तनका कारणले सोबाट पर्ने असरलाई न्यूनीकरण र अनुकूलनका लागि सञ्चालन गरिने कार्यक्रम पनि समेट्दै आएको छ । नेपालमा वन व्यवस्थापनका लागि ३० हजारभन्दा बढी वन समूह गठन भएका र सबै समूह तथा सरकारी वनको पनि कार्ययोजना तयार भएका छन् ।

हालसम्म २१ वटा संरक्षित क्षेत्र स्थापना भइसकेका छन् । नेपालको कुल भूभागको वनले ढाकेको क्षेत्र ४६.०८ प्रतिशत पुगिसकेको छ । किसानले आफ्नो निजी हक पुग्ने जग्गामा रुख-बिरुवाहरू जगेर्ना गरेका छन् । राष्ट्रिय वनको क्षेत्रफल बढिहदा संरक्षित क्षेत्र र संरक्षित क्षेत्रबाहिर का वन मात्र होइन, समग्र जलाधार क्षेत्रमा देखिएका समस्याहरू समाधान गर्नु संघ, प्रदेश र स्थानीय सरकारको पहिलो कर्तव्य हो ।

***समस्याका चाङ :***

विश्वमा बाढीपहिरोको हिसाबले नेपाल ३० औं, भूकम्पीय जोखिमका हिसाबले ११ औं र जलवायु परिवर्तनका हिसाबले चौथो स्थानमा रहेको छ । सुरक्षित जलाधार, समुन्नत जीवनको आधार हो । जलाधारीय स्रोतको संरक्षणमा समस्याका चाङ देखिएको छ । महालेखा परीक्षकको ६२ औं वार्षिक प्रतिवेदनअनुसार नेपालमा १ लाख ४ हजार हेक्टर वन क्षेत्र अतिक्रमित रहेको जनाएको छ । वन अतिक्रमणका कारण क्षेत्रफल घट्नु मात्र होइन, जैविक विविधताको नाश, जलाधार क्षेत्रको हैसियत बिग्रनु, वनको उत्पादनमा ह्रास आउनु र अर्थतन्त्रमा नकारात्मक असर पार्नु हो ।

पोखरास्थित फेवा जलाधारलाई संरक्षित जलाधार क्षेत्र वि.सं. २०७८ मा घोषणा भए पनि सोको भावनाअनुरूप संगठन, मानव संसाधन र बजेट विनियोजनमा सरकार संवेदनशील देखिँदैन । हुन त नयाँ सरकारले आफ्नो १ सय दिनको कार्यसूचीमा फेवा संरक्षित जलाधारको व्यवस्थापनमा प्रतिबद्धता देखाएको छ । मुलुकभर भू तथा जलाधार संरक्षणहरूको कार्य क्षेत्रका लागि नदी प्रणाली तथा जलीय सिमानाका आधारमा वन तथा भूसंरक्षण कार्यालय स्थापना र एकीकृत जलाधारीय स्रोत व्यवस्थापन योजना तयार गरी निर्दिष्ट क्रियाकलापहरू सञ्चालन गर्ने परिपाटी अझै हुन सकेको छैन । समग्रमा, नेपालमा बाढी पहिरो, नदी कटान, डुबानका घटनाले हरेक वर्ष सरदर ३ सय जनाको मृत्यु, हजारौं घाइते, बेपत्ता र करोडौं जनधनको नाश, हजारौंको बस्ती विस्थापित हुनुपरेको छ ।

नेपालमा वन डढेलोका घटना बढिरहेका छन् । नियन्त्रित र अनियन्त्रित डढेलोबारे साझा बुझाइ र व्यवस्थापनका लागि सामूहिक प्रयासका बाबजुद पनि चुनौती देखिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा प्राप्त जानकारीमा आधारित सूचना पद्धतिअनुसार आव २०७७-७८ देखि २०८१-८२ सम्मको वन डढेलोका घटनामा ३० जनाको मृत्यु, ५५ जना घाइते भएका र यस अवधिमा ९१ करोड ७९ लाख २७ हजार र ९ सय १० रुपैयाँबराबरको सम्पत्ति नोक्सान भएको अनुमान गरिएको थियो ।

सन् १९६० देखि नेपालमा बाह्य मिचाहा झार देखिन थालेपछि हाल मुख्यतः पार्थिनियम, माइकेनिया, लान्टानाजस्ता मिचाहा वनस्पति झारका कारण जैविक विविधतामा ह्रास, वनको उत्पादनमा रोकावट र वन डढेलो बढ्नमा थप योगदान दिएको पाइन्छ ।

वन क्षेत्रमा देखिएका समस्याहरूमा बाघको छाला र हड्डी, गैंडाको खागजस्ता वन्यजन्तुको अंग तथा यार्सागुम्बा, सतुवा, लोक्ता, जटामसी जस्ता वनस्पति चोरी-तस्करी पनि रहेको छ । कतिपय संरक्षित वनस्पति र वन्यजन्तुको चोरी तस्करीका कारण जैविक विविधतामा ह्रास आउने खतरा बढेको छ । मानव-वन्यजन्तु द्वन्द्व पनि एक डरलाग्दो समस्याका रूपमा देखिएको छ । खासगरी हिंस्रक वन्यजन्तु बाघ, भालु, चितुवावाट मानवीय क्षति भइरहेको छ । आव २०८०-८१ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले वि.सं. २०८१ मा प्रकाशन गरेको वार्षिक प्रतिवेदनअनुसार नेपालभर वन्यजन्तुबाट मानिसको मृत्युको संख्या १९ जना, सख्त घाइते ५३ जना र सामान्य घाइते ५० जना रहेको उल्लेख छ । विशेषगरी बाघको आक्रमणबाट ६ जनाको मृत्यु, ८ जना सख्त घाइते र ४ जना सामान्य घाइते भएको उल्लेख छ । नेपालभर पछिल्लो पाँच वर्षमा कम्तीमा ४२ र बर्दिया जिल्लामा मात्र ३६ जनाको बाघको आक्रमणबाट मानिसको मृत्यु भएको तथ्यांक छ ।

वन व्यवस्थापनमा वन समूहहरू छन्, तर, कैयौं समूह निष्क्रिय र कार्ययोजना पनि अद्यावधिक भएका छैनन् । जसले गर्दा काष्ठ तथा गैरकाष्ठ जन्य वस्तु उत्पादनमा कमी तथा सेवा विस्तारमा अवरोध मात्र होइन, वन पैदावार विदेशबाट आयात गर्नुपर्ने अवस्था छ । युवावर्गको रोजगारीको अवसर गुमिरहेको छ । निजी तथा पारिवारिक वनको योगदान बढिरहेको छ, तर, रुखको अधिकार र उपयोगको स्वतन्त्रता तथा काठको बजार मूल्य किसानको हातमा छैन ।

***वन क्षेत्रको बजेट किन :***

नेपालको विकासमा बजेट निर्माण प्रारम्भ गरेको ७५ वर्ष पार गरिसकेको छ । २००७ सालमा पहिलो बजेट तर्जुमा गर्दा ५ करोड २५ लाख २९ हजार रहेको थियो भने चालु आव २०८२-८३ को बजेट १९ खर्ब ६४ अर्ब ११ करोड रहेको छ । आव २०८३-८४ का लागि कार्यक्रम तथा बजेट तर्जुमा भइरहेको छ ।

बजेटको विश्लेषण गर्दा वन क्षेत्रका लागि बजेट विनियोजन नगन्य रहेको देखिन्छ । वन तथा वातावरण मन्त्रालयका लागि आव २०८२-८३ मा करिब १८.६१ अर्ब रुपैयाँ छ, जुन कुल बजेटको करिब १ प्रतिशत पर्न आउँछ । विगत एक दशकको बजेट विनियोजनको अध्ययन गर्दा नेपालको कुल बजेटको ०.५ देखि करिब १ प्रतिशत मात्र वन क्षेत्रमा सीमित देखिन्छ ।

जलवायु परिवर्तनको असर कम गर्न पेरिस सम्झौता, २०१५ मा विश्व तापक्रम १.५ डिग्री सेन्टिग्रेटमा सीमित गर्ने उल्लेख छ । नेपालको कुल हरित गृह ग्याँस उत्सर्जनमा वैश्विक योगदान ०.०६ प्रतिशतमात्र रहेको तर जलवायु परिवर्तनको असर भयावह भएकाले जलवायु न्यायका लागि वकालत गरिरहेको छ । तसर्थ, मौजुदा बजेट विनियोजन पद्धतिमा आमूल परिवर्तन जरुरी छ ।

नेपालजस्तो भौगोलिक तथा भौगर्विक विषमता र आन्तरिक स्रोत कम भएको देशमा जलाधारीय स्रोतको विनाश रोक्न आजको लगानी झन् अपरिहार्य देखिएको छ । समयमा लगानी गरेमा भविष्यमा ठूलो खर्च गर्नु नपर्ने प्रकृतिमा आधारित समाधानका उपायहरू पनि रहेका छन् । एक अध्ययनअनुसार आज सिमसार पुनर्स्थापनामा एक डलर खर्च गरेमा भविष्यमा ५ देखि १० डलर खर्च बचाउन सकिनेछ । यसैगरी आज जलाधार संरक्षणका लागि एक डलर लगानी गरेमा भविष्यमा ५ देखि २० डलरको खर्च बचाउन सकिने तथा फाइदा पनि थप हुनेछ । त्यसकारण नेपालको भूगोल, भौगोलिक अवस्था र भौगर्विक स्थिति अनुसार वन क्षेत्रमा कार्यक्रमको प्राथमिकीकरण नभएको र बजेट पनि अपुग रहेको देखिन्छ ।

***सुधारका क्षेत्र :***

नयाँ सरकारले परम्परागत सोचभन्दा नयाँ सोचका साथ दिगोपन तथा नतिजामूलक कार्यक्रमका लागि बजेट विनियोजन गर्नु जरुरी छ । देशभरका संवेदनशील जलाधारलाई सुरक्षित जलाधारमा रूपान्तरण गर्नेतर्फ भू-संरक्षण, वनस्पति, वन व्यवस्थापन, वन्यजन्तु संरक्षण, खानेपानी आपूर्ति, कृषि र पशुपालन व्यवसाय, सिँचाइ र जलविद्युत, प्रकृतिमा आधारित पर्यापर्यटन जस्ता जलाधारीय स्रोतको दिगो व्यवस्थापनमा लामो समयदेखि संलग्न रहेका समुदाय र तिनको प्रतिनिधिमूलक सञ्जालहरूसँग जलीय सिमाना भित्र कार्यगत एकताका लागि तत्काल संयुक्त संवाद तथा पहल मात्र होइन, कार्यविधि निर्माण गरी कार्यक्रम सञ्चालन गर्नु जरुरी छ ।

विपद् जोखिमयुक्त मुलुक भएकाले अब केवल पानी होइन जलाधार, केल रुख होइन वन र वनस्पति, केवल माटो होइन जमिन, एक स्थान होइन उपल्लो र तल्लो तटीय भूपरिधिस्तर तथा पारिस्थितिकीय प्रणालीको सम्बन्ध हेरेर जलीय सिमानाका आधारमा एकीकृत जलाधारीय स्रोत व्यवस्थापन योजना तर्जुमा र इमान्दारीपूर्वक विकास साझेदार एवं गैरसरकारी संस्थाहरू समेतलाई समेटी एकद्वार प्रणालीबाट संरक्षण र विकासका कार्यक्रम कार्यान्वयन गर्न सरकारले मार्गदर्शन जारी गर्नु आजको आवश्यकता हो । हरेक वनको कार्ययोजना कार्यान्वयनका लागि बजेट विनियोजन आजको आवश्यकता हो । वन, वन्यजन्तुसम्बन्धी उद्यम विकासका लागि समूहहरू तथा निजी क्षेत्रलाई सीपमूलक तालिम र बजार व्यवस्थापनमा थप लगानी अपरिहार्य छ ।

वन अतिक्रमण नियन्त्रण, वन डढेलो व्यवस्थापन, मिचाहा झार नियन्त्रण, मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन तथा वन उद्यमका लागि पर्याप्त बजेट विनियोजन जरुरी छ । नेपालमा समृद्धिका लागि संघले मात्र होइन, प्रदेश र स्थानीय तहका सरकारहरूले पनि हाल देखिएका समस्या समाधानका लागि वन क्षेत्रमा कार्यक्रम तय तथा पर्याप्त बजेट विनियोजन गर्नु वाञ्छनीय छ । जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनका विश्व मञ्चमा वकालत गर्नु जरुरी छ भने मुलुकभित्र पनि यस क्षेत्रमा थप बजेट विनियोजन आवश्यक छ । वन क्षेत्रको दीर्घकालीन सोचका साथ कार्य गर्न वन क्षेत्रको गुरुयोजना निर्माण गरी सोका आधारमा कार्यक्रमहरूको प्राथमिकीकरण गर्नुपर्ने देखिन्छ ।

नेपालमा जबसम्म तीन तहका सरकारबाट नीति तथा कार्यक्रम र बजेट विनियोजनले आम सर्वसाधारण जनताको जीउज्यानको रक्षा, किसानको जमिनको संरक्षण र उत्पादकत्वमा वृद्धि, वर्षामा पानीको निकास र हिउँदमा सहज रूपमा पानीको आपूर्ति भएको महसुस गर्दैनन्, सामुदायिक वन र जलाधार व्यवस्थापनको सम्बन्ध जोडिँदैन । पूर्वाधार विकास र पर्यावरण संरक्षणका निकायहरूबीच तादात्म्यता हुँदैन, तवसम्म खोक्रो भाषण, असारे विकासले आम सर्वसाधारण नेपालीको भलो हुन सक्दैन । जब सम्म संविधानको मर्मअनुसार समाज वादउन्मुख मुलुक निर्माणमा पर्यावरण संरक्षण गर्दै दिगो उत्पादनमा वन समूहहरू जोडिँदैनन् तवसम्म समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्य सपनामात्र हुनेछ । यसका लागि कम्तीमा नेपालको कुल बजेटको ५ प्रतिशत रकम वन क्षेत्रमा विनियोजन गर्नु सरकारको दायित्व हो ।

*साभार : सौर्य अनलाई खबर*

# पाठ्यक्रममा नैतिक शिक्षा



✍सञ्जीव कार्की

सरकारले विद्यालय तहमा नैतिक शिक्षा पुनः समावेश गर्ने तयारी गरिरहेको विषय अहिले सार्वजनिक बहसमा छ । यस पहलप्रति बौद्धिक तथा नैतिक वृत्तबाट व्यापक समर्थन देखिनु स्वभाविक पनि हो किनकि समाजमा देखिएको असहिष्णुता, विभेद र जिम्मेवारीहीनता जस्ता प्रवृत्तिलाई 'नैतिक शिक्षाको अभाव' सँग जोडेर हेर्न थालिएको छ । भविष्यका नागरिकलाई नैतिक रूपले सजग, उत्तरदायी र सहिष्णु बनाउने उद्देश्यले यस्तो शिक्षा समावेश गर्ने सरकारको प्रयासलाई स्वागतयोग्य र नैतिक जनशक्ति उत्पादनको जिम्मेवार कदमका रूपमा बुझ्न सकिन्छ ।

नैतिक शिक्षाको अभाव खड्किए पनि कस्तो नैतिक शिक्षा ? कसको नैतिकता ? कसरी मापन र अध्यापन गर्ने ? 'नैतिक' भनिने मापदण्ड के के हुन् र कसलाई नैतिकवान् मान्ने ? यस्ता प्रश्न केवल सैद्धान्तिक नभई व्यावहारिकरूपमा पनि चुनौतीपूर्ण र जटिल पनि छन् । नैतिकता संधैं सांस्कृतिक, सामाजिक र वैचारिक, जातीय र भौगोलिक सन्दर्भसँग गाँसिएको हुन्छ । एक समूहले स्वीकार गरेको नैतिक मूल्य अर्कोका लागि विवादास्पद हुन सक्छ । केही सामाजिक र सांस्कृतिक अभ्यासमा नैतिक लागेको विषय अन्यत्र अनैतिक लाग्ने सन्दर्भ पनि आउन सक्छन् ?

नैतिक शिक्षा केवल उपदेशात्मक वा एकपक्षीय नभएर, बहुलतामूलक, समावेशी र आलोचनात्मक चेतना विकास गर्ने, सामयिक चेत र नवीन विधि र प्रक्रियालाई सहज हुने खालको हुनु पर्छ । सार्वजनिक विमर्शमा व्यक्त हुने बौद्धिक, प्राज्ञिक र शिक्षाविद् र समाजका विचारक, चिन्तकका विभिन्न राय, सल्लाह र मत-अभिमतको व्यापक मूल्यांकन र विश्लेषण गर्दै साझा आधारमा उभिएका मानवीय मूल्य, जस्तै सहिष्णुता, समानता, न्याय, उत्तरदायित्व र करुणालाई केन्द्रमा राखेर नैतिकताका मानदण्ड निर्माण गर्न सकिन्छ । त्यही आधारमा विकसित पाठ्यक्रम मात्र समयानुकूल, अधिकतम समर्थनीय र प्रभावकारी बन्न सक्छ ।

***नैतिक शिक्षा के हो ?***

नैतिक शिक्षा के हो भन्ने प्रश्नलाई केवल 'असल मान्छे बन्ने उपदेश' मा सीमित गर्नु पर्याप्त हुँदैन । नैतिक शिक्षा स्पष्ट, सन्तुलित र प्राज्ञिक र सामाजिक हुनु पर्छ । नैतिक शिक्षा भनेको मानिसमा सही-गलत छुट्याउने विवेक, अरूको अस्तित्व र मर्यादाप्रति सम्मान तथा न्यायप्रति संवेदनशील व्यवहार विकास गराउने शैक्षिक प्रक्रिया हो । यसले अधिकार र कर्तव्य परस्पर पूरक हुन् भन्ने बोध गराउँछ । वाक् स्वतन्त्रता र वाक् मर्यादाबिचको सन्तुलनलाई सभ्य नागरिकताको आधार मान्छ र सामाजिक उत्तरदायित्वको भावना विशेषतः वृद्ध, रोगी, बाल बालिका, अशक्त तथा दुर्बल वर्गप्रति संवेदनशीलता अभिवृद्धि गर्छ ।

नैतिक शिक्षा कुनै स्थिर वा सार्वकालिक परिभाषामा सीमित हुँदैन । यसको अर्थ समाज, समय र सन्दर्भ अनुसार परिवर्तनशील रहन्छ । स्वतन्त्रता, मर्यादा, कर्तव्य र अधिकार जस्ता मूल्य पनि सापेक्षिक हुन्छन्, जसको व्याख्या ऐतिहासिक, सांस्कृतिक र सामाजिक परिवेशले निर्धारण गर्छ । नैतिक शिक्षा समयसापेक्ष ज्ञान, चेतना र मूल्यहरूको आलोचनात्मक बोधमार्फत व्यक्तिलाई जिम्मेवार, सहिष्णु र विवेकशील नागरिक बनाउने प्रक्रिया हो भनेर बुझ्न सकिन्छ ।

***कस्ता सामग्री ग्राह्य हुन्छन् ?***

विविध समुदायको प्रतिनिधित्व गर्ने कथा र चित्र, लैङ्गिक समानता र समावेशितालाई प्रतिविम्बित गर्ने सामग्री र स्थानीय सन्दर्भ र वास्तविक अनुभवमा आधारित पाठ हुनुपर्छ । नैतिक शिक्षा भनेको किताबका पानामा सीमित सिद्धान्त मात्र हुनुहुँदैन । यसमा निम्नलिखित पक्ष समेटिनु पर्छ । व्यावहारिक र प्रयोगात्मक : केवल 'साँचो बोल्नु पर्छ' भनेर घोकाउनुभन्दा साँचो बोल्दा हुने लाभ र झुटको परिणामबारे प्रयोगात्मक छलफल गर्ने ।

नैतिक शिक्षा किन आवश्यक छ भन्ने प्रश्न आजको तीव्र रूपान्तरणशील समाजसँग प्रत्यक्ष जोडिएको छ । प्रविधि, राजनीति र अर्थतन्त्र द्रुतगतिमा अघि बढिरहेका छन् तर मानवीय संवेदना, सहिष्णुता र उत्तरदायित्व त्यही अनुपातमा विकसित हुन सकेका छैनन् । यही सामाजिक खाडल र असन्तुलनले हिंसा, विभेद, असमानता र सामाजिक अविश्वासलाई बढावा दिन्छ । यस अर्थमा नैतिक शिक्षा केवल पूरक विषय होइन, सामाजिक सन्तुलन कायम गर्ने आधारभूत आवश्यकताको विषय हो ।

नैतिक शिक्षालाई परम्परागत उपदेश, अनुशासन र अन्ध-आज्ञाकारितामा सीमित राख्नु पर्याप्त हुँदैन । यस्तो दृष्टिकोणले स्वतन्त्र सोच, आलोचनात्मक चेतना र बहुलतामूलक समाजका जटिल प्रश्नलाई समेट्न सक्दैन । आजको सन्दर्भमा आवश्यक नैतिक शिक्षा भनेको प्रश्न गर्न सिकाउने, भिन्नतालाई स्विकार्ने र न्याय तथा समानताप्रति सचेत बनाउने प्रक्रिया हो । यसका लागि नैतिकताका आधारभूत मानदण्डबारे व्यापक सार्वजनिक तथा बौद्धिक बहस अनिवार्य छ ।

विभिन्न दृष्टिकोणको आलोचनात्मक मूल्याङ्कन गर्दै साझा, समावेशी र समयानुकूल नैतिक आधार निर्माण गर्न सकिन्छ । यस्तो बहसबिनाको नैतिक शिक्षा न त जीवित रहन्छ, न प्रभावकारी नै हुन्छ । साँचो नैतिक शिक्षा त्यही हो, जसले विभेद चिनाउँछ र हटाउन सिकाउँछ, समानता केवल शब्दमा होइन व्यवहारमा उतार्छ, विद्यालयलाई नैतिकताको अभ्यासस्थल बनाउँछ ।

***नयाँ आयाम :***

पहिलेको नैतिक शिक्षा 'बुबाआमाको आज्ञा मान, झुट नबोल, गुरुलाई सम्मान गर तर प्रश्न नगर, चोरी नगर' जस्ता सरल निर्देशनमा आधारित थियो । आजको समाज जटिल छ । यहाँ लैङ्गिक समानता, जातीय सम्मान, समावेशिता, पहिचानको अधिकार जस्ता विषय केन्द्रमा छन् । गुरुलाई उचित प्रश्न गर्ने समय छ । बुबाआमा र आफूभन्दा ठुलाको अविवेकी वचन मान्नु पर्छ भन्ने मान्यता छैन । आवश्यक र उचित वचन जसको पनि मान्नुपर्ने र अनावश्यक कुराको प्रतिरोध र विरोध गर्ने शैलीको अपरिहार्यता देखिएको छ । गलत कुरा जसको भए पनि गलत हो भन्ने चेत निर्मित भएको समय छ । यहाँ एउटा विषय स्मरणीय छ । कसको प्रतिरोध कसरी गर्ने ? प्रतिरोधको पनि यथोचित र जिम्मेवार शैली र तरिका सिकाउनु पर्छ ।

आजको नैतिक शिक्षा यस्तो हुनु पर्छ भन्ने केही दृष्टान्त यहाँ प्रस्तुत छ : बच्चाको आँखाबाट संसार बुझ्ने, महिलाको अनुभवबाट समानता सिक्ने, दलित, जनजाति, मुस्लिम र अनुभूतिबाट रङ्गीय विभेद पर्गेल्ने, ज्येष्ठ नागरिकको आयाम र दृष्टिकोण समेटिएको 'नैतिक शिक्षा' बालबालिकालाई दिनु अत्यावश्यक छ ।

*साभार : गोरखापत्र*

# मानसिक स्वास्थ्य समस्या : के हो र के होइन ?


माधव भुसाल

मानसिक स्वास्थ्य समस्या भएको स्वीकार गर्न नसक्दा वा खुलेर सहयोग लिन नसक्दा उचित उपचारमा जान ढिला हुने, दुर्घटनाको जोखिम रहिरहने, बिरामी र परिवारका सदस्य प्रताडित भइरहने र रोग झनै कडा हुने हुन्छ।

मानसिक स्वास्थ्य समस्या कसलाई हुन्छ ? जोसुकैलाई हुन्छ ? हो जोसुकैलाई हुन सक्छ । महिला र पुरुषलाई बराबरी । धनी, गरिब, पढेलेखेको, जानेको नजानेको सबैलाई बराबरी । धेरैजसो समस्या सुरु हुने उमेर १४ देखि २४ वर्ष हो । एकै कारणले नभई धेरै कारणहरूको मिश्रणबाट समस्या आउने हुन्छ । प्रमुख कारणहरूमा बायोलोजिकल, जेनेटिक कारण, जीवनका कठिन घटनाहरू, लागू पदार्थहरूको दुर्व्यसन आदि पर्दछन् ।

☛ *समस्या कसरी थाहा पाउने ?*

दुई हप्ताभन्दा बढी समयदेखि सोचाई, व्यवहार र मुडमा उल्लेख्य परिवर्तन देखिएमा मानसिक स्वास्थ्य समस्या भएको हुन सक्छ। सोचाई– दोधार, अत्यधिक डर र चिन्ता, नभएका कुराहरू देख्ने र सुन्ने, अस्वाभाविक विचार र विश्वास आउने । भावना र मुड परिवर्तन– लगातार दु:खी भइरहने, निराश हुने, इच्छा-चाहना हराउने, मुड स्विङ भइरहने, रिसाउने, सानो कुरामा झर्किने । व्यवहारहरु: एक्लै बस्ने, कसैसँग खुलेर कुरा नगर्ने, पढाइ वा कामकाज आदिमा देखिने गरी समस्या आउने, बोलीचालीको ढाँचा, हिँडाइ, स्फूर्ति, पहिरन आदिमा देखिने गरी परिवर्तन आउने । आत्महत्याको विचार आएको वा तयारी गरेको थाहा पाउनेबित्तिकै कडा निगरानीमा राखेर उपचार गर्नु पर्छ ।

☛ व्यक्तिलाई थाहा हुन्छ ?

एकथरी समस्याहरूमा पीडा वा असहजता थाहा हुन्छ, महसुस हुन्छ । जस्तै: एन्जाइटी, पिटीएसडी (PTSD), डिप्रेसन, ओसिडी (OCD), प्यानिक अट्याक आदि, जसलाई 'न्युरोटिक' भनिन्छ । यसमा समस्या भएका व्यक्तिले प्रत्यक्ष महसुस गर्छन् र समाधानका उपायहरू खोजी गर्दछन्। अर्कोथरी समस्याहरूमा बिरामी आफूलाई थाहा हुँदैन तर समस्या अरूले थाहा पाउँछन् । जस्तै: साइकोसिस, बिपिएडी (BPAD), जसलाई 'साइकोटिक' भनिन्छ । यी समस्या भएका बिरामीले आफूलाई थाहा भएर वा ढाँटेर त्यस्तो गरेका हुँदैनन् । ह्यालुसिनेसन र डिलुजन बिरामीका लागि शतप्रतिशत सत्य हुन्छन् ।

☛ समस्यामा काउन्सिलिङ र औषधि खाइहाल्नु पर्छ यो सत्य हो ?

मानसिक स्वास्थ्य समस्याको उपचारका लागि औषधि र काउन्सिलिङ उत्कृष्ट छन् । कुन ठीकभन्दा पनि कुन समस्याका लागि के भन्ने महत्वपूर्ण छ। कुनै समस्याका लागि काउन्सिलिङले राम्रो गर्छ, कुनैमा गर्दैन । जटिल मानसिक समस्यामा औषधिको भूमिका अतुलनीय हुन्छ । अधिकांश अध्ययनहरूले काउन्सिलिङ र औषधिको कम्बिनेसनको राम्रो नतिजा देखाएका छन् । काउन्सिलिङ र साइकोथेरापीले राम्रो काम गर्छन् किनकि तिनले समस्याको कारण सम्म पुगेर त्यसलाई ठीक पार्न मेहनत गर्छन् र भविष्यमा आउने समस्या सँग जुध्ने सीप सिकाउँछन्, अभ्यास गराउँछन् । मध्यम खालका एन्जाइटी, पिटीएसडी, डिप्रेसन, ओसिडी, प्यानिक अट्याक आदिमा यी बढी लाभदायक हुन्छन् ।

औषधिले ब्रेनको रसायनलाई फरक पारेर समस्याको सुधारका लागि काम गर्दछन् । सबै साइकोटिक र कडा खालका न्युरोटिक समस्याको औषधिबाट उपचार अनिवार्य आवश्यक हुन्छ । कुन समस्या छ र के गर्ने भन्ने निर्णय बिरामी र आफन्तहरूले विज्ञको सल्लाहमा लिनु राम्रो हुन्छ । त्यसका लागि सबैभन्दा पहिले समस्याको सही पहिचान महत्वपूर्ण छ ।

☛ समस्याको पहिचान कसरी ?

विज्ञले मुख्यतया बिरामी तथा बिरामीको नजिकको व्यक्तिसँगको कुराकानी (हिस्ट्री) बाट समस्या पहिचान गर्छन् । सोचाईहरू कस्ता छन्, मन कस्तो छ (खुसी, खिन्न, दु:खी आदि) अनि व्यवहार, काम, खानपान, निद्रा, रुटिन, अरूसँगको सम्बन्ध आदिको बारेमा सोधपुछबाट समस्या पहिचान हुन्छ ।

अरू शारीरिक समस्याले त्यस्तो भएको छैन भनी निर्क्योल गर्न आधारभूत टेस्टहरू पनि आवश्यक हुन्छन् । कुनै-कुनै अवस्थामा सिटी स्क्यान वा एमआरआईबाट ब्रेनमा कुनै परिवर्तन वा 'मास' छ कि भनी हेर्नुपर्ने हुन्छ । मूलत: समस्याको पहिचान बिरामी तथा परिवारका सदस्यहरूसँगको छलफल तथा कुरा कानीबाटै गरिन्छ ।

☛ समस्या भएका बिरामीलाई झार फुक, धामी, झाँक्री, हेराउनाले फाइदा गर्छ ?

मानसिक स्वास्थ्य समस्या भएकाको संगत गर्ने परिवारका सदस्य, छिमेकी आदिलाई व्यवहार सामान्य लाग्दैन । देवी-देउता, भूत-प्रेत वा अदृष्य शक्तिले त्यस्तो भएको लाग्नु अस्वाभाविक होइन । देखाउने, हेराउने, फुकाउने आदि गर्नाले समस्या समाधानमा काम गर्छ कि गर्दैन भन्ने प्रश्नमा त्यसको कुनै भरपर्दो आधार छैन । उपचारमा ढिला हुने, अनावश्यक खर्च बढ्ने र रोग झन् कडा वा जटिल हुने जोखिम चाहिँ रहन्छ ।

☛ समस्या भएको कुरा बिरामी तथा परिवारका सदस्यहरुले स्वीकार गर्न र खुलेर सहयोग लिन किन अप्ठ्यारो मान्छन् ?

परिवारमा मानसिकसमस्या भएको छिमेकीले थाहा पाएमा पागल भयो भन्ने दाग (Stigma) बाट बच्न । काम गर्ने ठाउँबाट अपहेलित हुने डर र त्रासका कारणले सहजरुपमा समस्या बाहिर ल्याउदैनन् । यसैगरी जागिरबाट निकालिने वा बहिष्करणमा परिने त्रास, रूपमा तनाव मात्र हो भनेर आफूले आफैं लाई स्वीकार गर्न मन नलाग्ने । अपरिचित व्यक्तिसँग समस्या भन्न असहज महसुस गर्ने, अति व्यक्तिगत कुरा भन्न धक लाग्ने ।

साइकोटिक समस्याहरूमा आफूलाई समस्या भएको लाग्दै नलाग्ने । मानसिक स्वास्थ्य समस्या भएको स्वीकार गर्न नसक्दा वा खुलेर सहयोग लिन नसक्दा उचित उपचार मा जान ढिला हुने, दुर्घटनाको जोखिम रहिरहने, बिरामी र परिवारका सदस्य प्रताडित भइरहने र रोग झनै कडा हुने हुन्छ ।

## नारीको पीडा कसले बुझ्ने ?

✍ निरमाया खड्का

नारी बिना संसार चलेको छैन तर पनि हाम्रो समाजमा किन भेदभाव गरिन्छ ? जब एउटी आमाले पेट बोक्छे, त्यसपछि ३/४ महिना गर्भ मै छोरा छ कि छोरी भनेर चेकजाँच गरिन्छ, त्यसपछि छोरी छ भन्ने बित्तिकै क्युरेट गर्छन र छोरा भए जन्म दिन्छन् । यदि आकल झुकलमा छोरीको जन्म भयो भने पनि जुनदिन नारीले संसार देख्छे अनि गाँउलेहरुले सोध्ने गर्छन फलानो को के भयो ? छोरी जन्मेको खबर पाउने बित्तिकै अर्काको घर जाने जात, पो भनेर हामी हेपिन थाल्नेछौं । त्यति मात्र कहाँ हो र अझ छोरीलाई जन्म दिने जुन आमा हुन्छे, त्यसले त्यो बेला स्याहार सुसार र सम्मान त परै जाओस् पारिवारीक तनाव भोग्नु पर्ने हुन्छ ।

त्यो सानी अवोध बालिका बिस्तारै हुर्किदै जान्छे । ३/४ बर्ष पूरा भएपछि स्कुल जाने समय हुन्छ, तब छोरीलाई पढाएर के काम भन्ने हाम्रो समाजका मानिसले सर्वप्रथम त स्कुल नपठाउने र पठाए पनि छोरा र छोरीलाई फरक ब्यवहार गर्ने गर्दछन् । त्यहि कोखबाट जन्मेको छोरालाई खुशीका साथ स्कुल पठाउँछन् र स्कुलबाट आएर खाजा खाएपछि फेरि ट्युसन पठाईन्छ भने छोरीलाई सानैबाट घरको काममा लगाईन्छ ।

ठुलो हुंदै जान्छन, १५/१६ वर्षपछि छोराले एस.एल.सि.पास गरेपछि अब के पढाउने भन्ने घर सल्लाह हुन्छ भने हामी छोरीलाई अब कसको घर पठाउने भन्ने सल्लाह हुन्छ । यो संसारको रित पनि कस्तो अचम्मको छ ? उहीआमाको कोखबाट जन्म भएका छोराछोरीमा यति धेरै भेदभाव किन हुन्छ ? आखिर किन होला ? नचाहँदा नचाहँदै अर्काको घर जान बाध्य हुनुपर्छ । यदि छिटो बिहे भएन भने माईतीमा २०/२२ वर्ष उमेर भयो भने आमा बुवालाई अफठेरो त हुन्छ नै समाजले पनि फलानोकी छोरी बुढीकन्याँ भैसकी, अहिले सम्म किन बिहे नगरी बसेकी होला अब कसले लान्छ भनेर समाजले नानाथरी कुरा काट्न थाल्छन् ।

बिहे गरेर अर्काको जब गईन्छ तब हरेक घरायसी कामधन्दा देखि लिएर सासु ससुराको सम्मानदेखि देवर, नन्द, छोराछोरी, सबैलाई हेर्नपर्ने, रातदिन उनीहरुको सेवा मै समय जान्छ । न त नारीले बाहिर समाज बुझ्न पाउँछे न त नारीले जिवनभर सुख नै ।

कतिपय नारीहरुको जीवन यसरी खेर जान्छ भने कतिपय नारी हरुको दु:खको अर्को कारण अझै बढी पीडाहरु खप्नु परेको र अहिलेको समय सन्दर्भमा हाम्रो देशमा नारी जन्मिनु महापाप जस्तै भएको पाउछौं ।

# के मोटोपनाले सम्बन्धमा दूरी ल्याउन सक्छ ?



मोटोपना केवल शरीरको आकार बढ्ने समस्या मात्र होइन, यसले मानिसको मानसिक स्वास्थ्य, आत्मविश्वास, सम्बन्ध र दाम्पत्य जीवनमा समेत गहिरो असर पार्न सक्नेछ ।

पछिल्ला वर्षहरूमा विश्वभर मोटोपनाको समस्या तीव्ररूपमा बढिरहेको छ । अस्वस्थ खानपान, कम शारीरिक गतिविधि, तनावपूर्ण जीवनशैली र पर्याप्त निद्राको कमीले धेरै मानिस मोटोपनाको समस्याबाट गुज्रिरहेका छन् ।

मोटोपनाले मधुमेह, उच्च रक्त चाप, मुटुरोग, थाइराइड र कोलेस्ट्रोल जस्ता रोगहरुको जोखिम मात्र बढाउँदैन, यसले व्यक्तिको भावनात्मक सम्बन्ध र यौन सम्बन्धमा पनि असर पुऱ्याउँछ । धेरै मानिस यसबारे खुलेर कुरा गर्न हिच्किचाउँछन्, तर मोटोपनाका कारण आत्म विश्वास घट्ने, पार्टनरसँग दूरी बढ्ने र सम्बन्धमा असन्तुष्टि बढ्ने समस्या सामान्य बन्दै गएको छ ।

मनोविज्ञहरूका अनुसार सामीप्यता केवल शारीरिक सम्बन्ध मात्र होइन, यो भावनात्मक नजिकपन, आत्मीयता, विश्वास र पार्टनर सँगको सहज सम्बन्ध पनि हो । जब व्यक्ति आफ्नो शरीरप्रति असन्तुष्ट हुन्छ, त्यसको प्रत्यक्ष असर सम्बन्धमा पर्न थालेको हुन्छ ।

१. आफ्नो शरीरप्रति लज्जित र असहजता महसुस हुनु

मोटोपनाले सम्बन्धलाई असर गर्ने सबैभन्दा ठूलो कारण आत्मविश्वासमा कमी आउनु हो । धेरै मानिस आफ्नो बढेको तौलका कारण आफूलाई आकर्षक अनुभूति गर्दैनन् । उनीहरू लाई आफ्नो शरीर राम्रो देखिँदैन भन्ने लाग्छ । यसले गर्दा पार्टनर सामु खुल्न डर लाग्न सक्छ ।

विशेषगरी महिलाहरूमा शरीरको आकारलाई लिएर सामाजिक दबाब बढी हुन्छ । सामाजिक सञ्जाल, चलचित्र र विज्ञापनहरूले 'परफेक्ट बडी'को छवि बनाएका हुन्छन् । यस्तो अवस्थामा मोटोपनाको समस्या भएका व्यक्तिले आफूलाई अरूसँग तुलना गर्न थाल्छन् ।

जब व्यक्तिलाई आफ्नै शरीरप्रति लाज र घिनको महसुस हुन्छ, उनीहरू पार्टनरसँग सहज हुन सक्दैनन् । कतिपयले आफ्नो शरीर देखाउनै नचाहने, नजिक हुन हिच्किचाउने वा शारीरिक सम्बन्ध बाट टाढा बस्ने व्यवहार देखाउँछन् ।

विशेषज्ञहरूका अनुसार यस्तो अवस्था लामो समय रह्यो भने सम्बन्धमा दूरी बढ्न सक्छ । पार्टनरले 'मलाई माया गर्न छाड्यो' भन्ने महसुस गर्न सक्छन्, जबकि वास्तविक समस्या आत्मविश्वासमा आएको कमी हुन सक्छ । मोटोपनाले शरीरको बनावट मात्र होइन, मानिसको सोच र आत्मसम्मानलाई पनि असर गर्ने भएकाले यसको प्रभाव इन्टिमेसीमा प्रत्यक्ष रूपमा देखिन सक्छ ।

२. तनाव बढ्नु

मोटोपनाको मानसिक स्वास्थ्य सँग गहिरो सम्बन्ध हुन्छ । धेरै अनुसन्धानहरूले मोटोपना भएका व्यक्तिमा एन्जाइटी, तनाव र डिप्रेसनको जोखिम बढी हुने देखाएका छन् । जब व्यक्ति आफ्नो शरीर, स्वास्थ्य वा अरूले के सोच्लान् भन्ने चिन्तामा बाँच्न थाल्छ, उसमा मानसिक तनाव बढ्छ । यही तनावले सम्बन्धमा पनि असर गर्न थाल्छ ।

सामीप्यताका लागि मानसिक रूपमा सहज र सुरक्षित महसुस हुनु आवश्यक हुन्छ । तर, लगातार तनावमा रहेको व्यक्तिले भावनात्मक रूपमा पार्टनरसँग जोडिन कठिन महसुस गर्न सक्छ । कतिपय अवस्थामा मोटोपनाले हर्मोनमा पनि असर पुऱ्याउँछ । उदाहरणका लागि, अत्यधिक बोसोले शरीरमा टेस्टोस्टेरोन र इस्ट्रोजनको सन्तुलन बिगार्न सक्छ । यसले यौन इच्छा घट्ने, थकान बढ्ने र मूड परिवर्तन हुने समस्या ल्याउन सक्छ ।

तनावका कारण मानिस चिड्चिडा हुन सक्छ । साना कुरामा झर्किने, कुरा गर्न नचाहने वा पार्टनर बाट टाढा बस्ने व्यवहार देखिन सक्दछ । विशेषज्ञहरूका अनुसार यस्तो अवस्थामा दम्पतीबीच संवाद कम हुँदै जान्छ । जब खुलेर भावना व्यक्त हुँदैन, सम्बन्धमा दूरी बढ्ने सम्भावना हुन्छ ।

३. अस्वीकार होला भन्ने भय

मोटोपनाले धेरै मानिसमा 'मेरो पार्टनरले मलाई अब आकर्षक मान्दैन' भन्ने डर पैदा गर्न सक्छ । यसलाई 'बडी इमेज इन्सिक्योरिटी' पनि भनिन्छ । विशेषगरी अचानक तौल बढेपछि मानिसलाई आफू पहिलेभन्दा कम आकर्षक भएको महसुस हुन सक्छ । यस्तो सोचले आत्मविश्वास कमजोर बनाउँछ । कतिपय मानिस लाई पार्टनरले अस्वीकार गर्ला भन्ने डरले शारीरिकरूपले टाढा रहन मन लाग्न सक्छ । उनीहरू आफूलाई जोगाउन भावनात्मक दूरी बनाउने प्रयास गर्छन् । यो डर सधैं वास्तविक नहुन सक्छ ।

यदि पार्टनरले ठट्टा गर्दा शरीर बारे टिप्पणी गऱ्यो भने त्यसले झन् गहिरो असर पार्न सक्छ । मोटोपना सँग संघर्ष गरिरहेका मानिस यस्ता टिप्पणीप्रति बढी संवेदनशील हुन्छन् । समयसँगै यस्तो डरले सम्बन्धमा खुलापन घटाउँछ । मानिस आफ्ना भावना दबाउन थाल्छन् र सम्बन्धमा भावनात्मक दूरी बढ्न सक्छ ।

४. स्वास्थ्यमा असर र प्रभाव

मोटोपनाले शरीरको ऊर्जा र शारीरिक क्षमतामा असर पार्छ । धेरै मोटोपना भएका व्यक्तिले छिट्टै थकान महसुस गर्ने, स्वास फेर्न गाह्रो हुने वा शरीर भारी हुने समस्या अनुभव गर्छन् । यस्तो अवस्थामा पार्टनरसँग समय बिताउने वा सक्रिय जीवन शैली अपनाउने इच्छा कम हुन सक्छ । मोटोपनासँग जोडिएका रोगहरू जस्तै मधुमेह, उच्च रक्तचाप र मुटुसम्बन्धी समस्याले पनि प्रभाव पार्न सक्छ । कतिपय औषधिको साइड इफेक्टले यौन इच्छामा कमी ल्याउन सक्छ ।

पुरुषमा अत्यधिक मोटोपनाले यौन दुर्बलताको जोखिम बढाउन सक्छ भने महिलामा हर्मोन असन्तुलनका कारण यौन इच्छामा परिवर्तन आउन सक्छ । शरीर स्वस्थ नहुँदा मानिस मानसिक रूपमा पनि असहज हुनसक्छ । जब व्यक्ति लगातार थकित र अस्वस्थ महसुस गर्छ, उसमा सम्बन्धमा सक्रिय रहने ऊर्जा कम हुन सक्छ ।

५. भावनात्मक दूरी बढ्नु

जब मानिस आफ्नो शरीर वा स्वास्थ्यलाई लिएर तनावमा हुन्छ, उसले आफ्ना भावना खुलाएर व्यक्त गर्न छोड्न सक्छ । कतिपय अवस्थामा मोटोपनाका कारण व्यक्ति सामाजिक रूपमा पनि टाढा बस्न थाल्छ । बाहिर जान, फोटो खिच्न वा सामाजिक कार्यक्रममा सहभागी हुन हिच्किचाउने बानी पर्न सक्छ । पार्टनरले 'ऊ पहिले जस्तो रहेन' भन्ने महसुस गर्न सक्दछ ।

# गुमनाम एमाले, चुपचाप नेता, अन्योलमा कार्यकर्ता




काठमाडौं/नेपाली राजनीतिमा पछिल्लो समय नेकपा एमाले 'गुमनाम' जस्तै देखिएको छ। जेनजी आन्दोलनपछि सत्ताच्युत भएको एमाले फागुन २१ मा सम्पन्न निर्वाचनमा समेत लज्जास्पद हार बेहोर्दै संसदीय शक्ति क्षीण बनेपछि नेपाली राजनीतिमा गुमनाम जस्तै बन्न पुगेको हो ।

फागुन २१ को निर्वाचनमा २७५ सदस्यीय प्रतिनिधि सभामा एमाले २५ सिटमा सीमित बन्दै तेस्रो दल बन्न पुगेको थियो । निर्वाचन परिणाम सार्वजनिक भएलगत्तै अध्यक्ष केपी ओली पक्राउ पर्नु, पार्टीभित्र जेनजी आन्दोलनलाई हेर्ने दृष्टिकोणमा दुई धार देखिनु तथा कमजोर चुनावी परिणामको जिम्मेवारी लिन ओली तयार नहुनुले पार्टी गतिविधि शिथिल हुँदै गुमनामको अवस्थामा पुगेको हो ।

एमाले गुमनाम हुनुको दृष्टान्त निर्वाचन सम्पन्न भएको दुई महिना बित्दासमेत ठोस समीक्षा हुन नसक्नु लाई लिन सकिने एमाले नेता कार्यकर्ताहरू नै बताए । 'निर्वाचन सकिएको २ महिना बित्यो तर चुनावको समीक्षा हुन सकेको छैन', एमालेका एक केन्द्रीय सदस्य भन्छन्, 'चुनावी नतिजा कमजोर आउनुमा मुख्यगरी नेतृत्वको कमजोरी हो भन्ने सबैलाई थाहा छ तर अझै पनि नेतृत्व यो कुरा स्विकार्न तयार छैन ।'

एमाले सचिव भानुभक्त ढकाल अध्यक्ष ओलीको स्वास्थ्य अवस्थाका कारण पार्टी बैठकहरू बस्न नसकेको बताउँछन् । 'निर्वाचन परिणाम सार्वजनिक भएलगत्तै उहाँलाई पक्राउ गरियो, त्यसपछि उहाँको शल्यक्रिया भयो', सचिव ढकाल भन्छन्, 'अहिले पनि उहाँ स्वास्थ्य लाभ नै गरिरहनुभएको छ ।'

सचिव ढकालका अनुसार बैठक कहिले बस्ने भन्ने अझै टुङ्गो लागि सकेको छैन । 'बैठक बस्ने टुङ्गो अहिलेसम्म लागेको छैन । टुङ्गो लागे पछि थाहा पाइहाल्नुहुन्छ', ढकालको जवाफ छ । गत चैत १३ ओली पक्राउ परेपछि कार्यवाहक अध्यक्षको जिम्मेवारी उपाध्यक्ष रामबहादुर थापा बादलले पाएका थिए ।

बादलले कार्यवाहकको हैसियतमा २ पटक बैठक बोलाएका थिए । पछिल्लो पटक चैत २० गते उपाध्यक्ष बादलको अध्यक्षतामा एमाले सचिवालय बैठक बसेको थियो । त्यसअघि चैत १७ गते पनि बादलकै अध्यक्षतामा सचिवालय बैठक बसेको थियो । त्यहीबेला दलको नेता चयन गर्नुपर्ने समय आएको थियो । पार्टीमा रूपान्तर र पुस्तान्तरणको बहस चलिरहेका बेला एमालेले बादललाई नै संसदीय दलको नेता चयन गरेको थियो ।

युवा पुस्तालाई दलको नेता बनाउनुपर्ने माग उठिरहेका बेला अध्यक्ष ओलीकै जेडबलमा वादललाई दलको नेता बनाउने नेतृत्वको तयारीविरुद्ध त्यसबेला युवापुस्ताका एमाले नेता कार्यकर्ताहरू रुष्ट हुदै पार्टी कार्यालयमै प्रदर्शनसमेत गरेका थिए । तर, युवाहरुको चाहानाविपरित एमालेले वादललाई नै दलको नेता चयन गरेको थियो ।

यतिसम्म कि युवा पुस्ताका सुहाङ नेम्वाङले दलको नेता हुने चाहाना राखेपनि उनलाई उम्मेदवारी दिनबाटै अनेक प्रपञ्च गरेर रोकिएको थियो । जसले गर्दा एमालेभित्रको विग्रह थप बढ्न पुगेको थियो । त्यसमाथि गत चैत १९ गते बसेको प्रतिनिधि सभाको पहिलो बैठकमा दलको नेताको हैसियतले थापाले दिएको अभिव्यक्तिलाई लिएर पार्टीका नेताहरूले नै आपत्ति जनाएका थिए । उनको अभिव्यक्तिपछि उपाध्यक्ष विष्णु पौडेलले सचिवालय बैठक बोलाउन माग गर्दै बादलको अभिव्यक्तिको आशयमाथि प्रष्ट पार्न लगाएका थिए ।

***चुपचाप नेता, अन्योलमा कार्यकर्ता***

थापा संसदीय दलको नेता चयन भएर उनले दिएको अभिव्यक्ति लगत्तै एमाले नेताहरूबिच सामाजिक सञ्जालमा दोहोरी नै चलेको थियो । उपाध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखरेलदेखि उपमहासचिव योगेश भट्टराई तथा पूर्व उपाध्यक्ष सुरेन्द्र पाण्डेसमेतले पार्टीको रूपान्तरणका सवालमा मुख खोलेका थिए । तर, अहिले एमाले नेताहरू पार्टी भित्रको किचलोका बारेमा कुनै पनि नेता औपचारिक वा अनौपचारिक बोल्न चाहँदैनन् । 'पार्टीभित्रै अन्योलको अवस्था छ । के बोल्ने विषयवस्तु पनि छैन । यस्तो बेला चुपचाप बस्नुको विकल्प नै छैन', एक सचिवालय सदस्य भन्छन्, 'बैठक बसेर छलफल नगरेसम्म केही बोल्न सकिने अवस्था छैन ।'

# ग्राण्ड रिहर्सल : पर्दाले लुकाएको मञ्चको भित्री संसार




मानिस संधैं जीवनमा सन्तुलन मिलाउन खोजिरहेको हुन्छ, ताकि ऊ कुनैपनि उद्देश्यमा सहज तरिकाले पुग्न सकोस् । तर, परिस्थिति कहाँ त्यति सजिलो हुन्छ र !

मान्छे अनेकन् समस्यामा पर्दै जान्छ । नतिजामा मान्छे कहिल्यै सन्तुलित हुन सक्दैन । कहिले सन्तुलन हुनहुन लाग्दा केही बिग्रन्छ त कहिले सन्तुलन भइसकेपछि । तर, मान्छे हार खाँदैन । सकेसम्म समाधानका उपायहरू लगाएर फेरि सन्तुलनमा फर्कन सक्छ ।

मान्छेले भोग गर्नुपर्ने यही प्रवृत्ति मण्डला थिएटरमा मञ्चन भइरहेको नाटक ग्राण्ड रिहर्सलमा भेटिन्छ । सन्तुलन, असन्तुलन । समास, बिग्रह । यही कुराको लुप हो, यो नाटक । कताकता यो नाटकले रसियन चित्रकार काजिमिर मालेभिचका अमूर्त चित्रहरू पनि सम्झाउँछ । उनका चित्रहरू बढो अनौठोका हुन्थे । पातला, बाक्ला, मोटा, लामा, छोटा ज्यामितीय रेखा र वस्तुहरू अत्याधिक प्रयोग हुने उनका चित्रहरू पूर्ण लाग्दैनथे । आफैंमा अपूर्णता बोकेको उनका चित्रहरू हुन चाहिँ पूर्ण हुन्थे । उनका चित्रहरूले कुनै कथा, वस्तु वा वास्तविक संसारको प्रतिनिधित्व नगरे पनि ती भावनाले भरिएका हुन्थे ।

***मालेभिचका अमूर्त चित्रहरू ।***

ठीक त्यसैगरी ग्रान्ड रिहर्सल पनि लामो समय पूर्ण लाग्दैन । तर, दर्शकले त्यसमा पूर्णता भेट्छन् । नाटकमा संलग्न पात्रहरू मालेभिचका चित्रका ज्यामितीय वस्तु र क्यानभासका खाली भाग नाटकको कथाझैं लाग्छ । यो नाटकले रंगमञ्चमा केही हदसम्म मालेभिचको सुपरम्याटिजमको काम गरेको छ । मालेभिचले चित्रबाट वस्तु, आकृति र यथार्थलाई पूर्णरूपमा हटाएर 'ब्ल्याक स्वायर' मा पुऱ्याइदिएका थिए । वस्तु नभएर शुद्ध भावना महत्वपूर्ण हुने उनको जोड थियो । मालेभिचको 'ब्ल्याक स्वायर' चित्र ।

ग्राण्ड रिहर्सलले पनि परम्परागत नाटकको पूर्णता, कथा र संरचनालाई तोडिदिन्छ । रिप्रेजेन्टेसनल थिएटरलाई भत्काएर अव्यवस्था, शारीरिक हाउभाउ र ऊर्जालाई यो नाटकले सर्वोच्चता दिन्छ । जसरी मालेभिचको 'ह्वाइट अन ह्वाइट' चित्रले दर्शकलाई शून्यताको अनुभूति दिन्छ, त्यसैगरी यो नाटकले सबै बिग्रिँदा मात्र जीवन्तता दिएको छ । माले भिचको 'ह्वाइट अन ह्वाइट' चित्र । नाटक डिस्कन्स्ट्रक्सन हो । परम्परालाई तोड्ने, तर तोड्दै गर्दा नयाँ आनन्द निर्माण गर्ने । मालेभिचले चित्रकलालाई 'जिरो डिग्री'मा पुऱ्याए जस्तै यो नाटकले थिएटरलाई 'जिरो कन्ट्रोल'मा पुऱ्याएर दर्शकलाई मुक्त अनुभूति दिन्छ । अस्तित्ववाद र एब्सर्ड थिएटरको झल्को दिन्छ ।

नाटकबारे थोरै कुरा गर्दा यो बेलायती नाटक 'द प्ले ड्याट गोज रङ' को नेपाली रूपान्तरण हो । रूपान्तरणका क्रममा ओरिजिनल नाटकको मर्म मारिएको छैन । अनुवाद गरेका अनुप न्यौपाने र उमेश तामाङले नेपाली संस्करणको नाटकमा स्थानीय स्वाद दिएका छन् । हेर्दा लाग्दैन यो विदेशी नाटक हो ।

नाटकले भन्ने कथा चाहिँ 'नाटकभित्रको नाटक' हो । अर्थात् नाटकमा हामीले एउटा अपरिपक्क टोलीले थियएटरमा नाटक मञ्चनका लागि गरेको तयारी देख्न सक्छौं । उनीहरूले 'बिहेको टुटुल्को' नामक सस्पेन्स थ्रिलर नाटकको रिहर्सल गरी मञ्चन पनि गर्छन् । तर, मञ्चनका क्रममा जे नहुनु पर्ने त्यही हुन्छ । कलाकारले संवाद बिर्सिन्छन् । प्राविधिकहरूले गडबडी गर्छन् । मञ्चका सामानहरू भुइँमा झर्छन् । प्रप्स हराउँछ । उल्टोपाल्टो वस्तुहरू वास्तविक वस्तुका प्रप्स हुन्छन् । सेट भाँचिन्छ । यसरी यो नाटक अपूर्णता र गडबडीको उत्सव बन्न जान्छ । दर्शकको हाँसोको कारण बन्न जान्छ । किनकि यो नाटकभित्र नाटकको शैलीमा प्रस्तुत स्लापस्टिक कमेडी ड्रामा हो ।

यो नाटक, नाटकको नेपथ्यको कथा पनि हो । किनकि हामीले नाटक बनाउँदाको संघर्ष, जुगाड, अभाव र त्याग पनि मञ्चमा देख्न पाउँछौं । सामान्यतया: हामीले एउटा 'पर्फेक्ट' नाटक हेरिरहेका हुन्छौं । तर, यो नाटकले मञ्चको पर्दाले लुकाएको थिएटरको भित्री संसार पनि देखाएको छ । कलाकारहरूको अभिनय, टाइमिङ, संवाद, कथा भन्ने शैली, दर्शकलाई नै नाटकको हिस्सा बनाउने पाटो यी ग्रान्ड रिहर्सलका राम्रा पक्ष हुन् ।


तर, नाटकमा लामो समयसम्म एउटै कुरा दोहोरिन्छ-'बिहेको टुटुल्को' मञ्चन हुँदा मञ्च र कलाकारमा समस्या आउँछ । जुन कथानक दर्शकहरूलाई पहिल्यै थाहा भएको हो, त्यसमा नवीवनता हुँदैन ।







आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ । स्थान: रातोमाटे भोर्ले ।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

*वीरगञ्ज महानगरको कडा निर्देशन :*

# आइतबार विद्यालय सञ्चालन नगर्न चेतावनी

सन्देश संवाददाता

वीरगञ्ज/वीरगञ्ज महानगर पालिकाको शैक्षिक प्रशासन महाशाखाले संस्थागत विद्यालय तथा मन्टेश्वरीहरूलाई लक्षित गर्दै कडा निर्देशन जारी गरेको छ। नेपाल सरकारले आइतबार सार्वजनिक बिदा घोषणा गरिसकेको अवस्थामा अर्को सूचना जारी नभएसम्म सम्पूर्ण विद्यालयहरूमा आइतबार पठनपाठन पूर्णरूपमा बन्द गर्न महानगर पालिकाले निर्देशन दिएको हो ।

महाशाखा प्रमुख आनन्द लामिछानेद्वारा जारी सूचनामा केही विद्यालयहरूले सार्वजनिक बिदाको दिनसमेत विद्यालय सञ्चालन गरिरहेको जानकारी प्राप्त भएकाले त्यसप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरेको छ । महानगर पालिकाका अनुसार यस्तो कार्य सरकारको निर्णयविपरीत मात्र नभई शैक्षिक अनुशासन तथा प्रचलित कानुनी व्यवस्थाको उल्लंघन हो ।

महानगरपालिकाले विद्यालयहरूको अनुगमनलाई थप प्रभावकारी बनाउने तयारीसमेत गरेको जनाएको छ । केही निजी तथा संस्थागत विद्यालयहरूले विद्यालय परिसर भित्रबाटै पाठ्यपुस्तक, विद्यालय पोशाक तथा स्टेशनरी सामग्री बिक्री वितरण गरिरहेको गुनासो आएपछि प्रशासन थप कडाइका साथ प्रस्तुत भएको बताइएको छ ।




विद्यालयलाई व्यापारिक केन्द्रका रूपमा प्रयोग गर्ने प्रवृत्तिले विद्यार्थी तथा अभिभावकमाथि अनावश्यक आर्थिक भार थपिएको भन्दै महानगर पालिकाले यस्तो गतिविधि तत्काल रोक्न निर्देशन दिएको छ । विद्यालय हाताबाटै किताब, ड्रेस तथा स्टेशनरी बिक्री गरेको पाइएमा कानुन बमोजिम कडा कारबाही गरिने चेतावनीसमेत दिइएको छ ।

त्यसैगरी, पाठ्यक्रम विकास केन्द्रले तोकेको भन्दा बढी तथा अनावश्यक संख्यामा पुस्तकहरू विद्यार्थीमाथि थोपर्ने कार्यप्रति पनि महानगरपालिका गम्भीर बनेको छ । साना बालबालिकालाई अत्यधिक पुस्तकको बोझ बोक्न बाध्य बनाउँदा उनीहरूको मानसिक तथा शारीरिक विकासमा प्रत्यक्ष असर पर्ने भएकाले तत्काल यस्तो प्रवृत्ति रोक्न निर्देशन दिइएको छ ।

महानगरपालिकाका अनुसार आवश्यकभन्दा बढी पुस्तक प्रयोग गराएर अभिभावकबाट अनावश्यक आर्थिक भार उठाउने तथा विद्यार्थीलाई तनाव दिने कार्य सह्य नहुने उल्लेख गरिएको छ । अनुगमनका क्रममा अनावश्यक पाठ्य पुस्तक प्रयोग भएको पाइएमा सम्बन्धित विद्यालय प्रशासनमाथि कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाइने चेतावनी दिइएको छ ।

शैक्षिक क्षेत्रलाई व्यवस्थित, मर्यादित र विद्यार्थीमैत्री बनाउन महानगरपालिकाले थालेको पहलको अभिभावक तथा शिक्षाप्रेमीहरूले स्वागत गरेका छन् । विशेषगरी महाशाखा प्रमुख आनन्द लामिछानेको सक्रियता, कानुन कार्यान्वयनप्रतिको प्रतिबद्धता तथा निजी विद्यालय हरूलाई थप अनुशासनभित्र ल्याउने प्रयासलाई सकारात्मकरूपमा हेरिएको छ । महानगरपालिकाले "कानुन मान्नु हामी सबैको साझा कर्तव्य हो, कानुन विपरीत कार्य गर्नु कारबाहीको भागीदार हुनु हो" भन्ने सन्देशसहित सम्पूर्ण विद्यालय प्रशासनलाई सरकारी निर्देशन पूर्ण रूपमा पालना गर्न आग्रह गरेको छ । साथै, सार्वजनिक बिदाको दिन विद्यालय सञ्चालन गर्ने, विद्यालय बाटै किताब तथा पोशाक बिक्री गर्ने वा विद्यार्थीमाथि अनावश्यक पुस्तकको बोझ थोपरिने कार्य दोहोरिएमा कुनै पनि हालतमा छुट नदिइने स्पष्ट चेतावनी महानर पालिकाले दिएको छ ।

# ललितपुरमा चीन नेपाल तरकारी तालिम केन्द्र स्थापना

ललितपुर/ललितपुरमा चीन चोङकिङ-नेपाल तरकारी तालिम केन्द्रको शुभारम्भ गरिएको छ । ललितपुर महानगरपालिका वडा नं. २१ खोकनामा आइतबार आयोजित एक विशेष समारोहका बिच केन्द्रको शिलान्यास गरिएको हो ।

चाइना फाउन्डेसन फर रुरल डेभलपमेन्ट (सीएफआरडी) नेपाल कार्यालयको पहलमा केन्द्रसँगै २०२६ तरकारी प्राविधिक तालिम कार्यक्रम पनि सुरु गरिएको छ ।

यो कार्यक्रम चीन-दक्षिण एसियाली मुलुक गरिबी निवारण तथा सहकारी विकास केन्द्र अन्तर्गतको भाइब्रेन्ट भिलेज पहलमा आधारित छ। यस परियोजनाको मुख्य उद्देश्य हरितगृह (ग्रीन हाउस) आविष्कार, जलवायु-अनुकूल कृषि र दिगो खेती प्रणालीमार्फत् नेपालको तरकारी क्षेत्रलाई आधुनिकीकरण गर्नु रहेको छ । यसले खोकनालाई ग्रामीण पुनर्जागरणको एक जीवित नमुनाको रूपमा स्थापित गर्ने लक्ष्य राखेको सीएफआरडीले जनाएको छ ।

समारोहलाई सम्बोधन गर्दै



बागमती प्रदेशका कृषि तथा पशुपन्छी मन्त्री मधुसुदन पौडेलले कृषि मानवीय सभ्यताको केन्द्र र देशको आर्थिक विकासको बलियो आधार भएको बताए । यो आयोजनाले नेपालको तरकारी क्षेत्रलाई सुदृढ बनाउने र किसानको जीविकोपार्जनमा सुधार ल्याउने उनले विश्वास व्यक्त गरे । मन्त्री पौडेलले भने, 'तालिम केन्द्रले किसानको प्राविधिक ज्ञान बढाउन, उत्पादकत्व वृद्धि गर्न र रोजगारीका अवसर सिर्जना गर्न महत्वपूर्ण भूमिका खेल्नेछ । नेपालले चीनको आधुनिक कृषि अभ्यासबाट धेरै कुरा सिक्न सक्छ' उनले भने ।

सीएफआरडी नेपालकी कन्ट्री डाइरेक्टर जोउ झिकियाङले दिगो कृषि विकास, प्रविधि हस्तान्तरण र ग्रामीण पुनरुत्थानका लागि नेपाल-चीन सहयोगको महत्वमा जोड दिइन् । आधुनिक कृषि प्रविधि र उन्नत खेती प्रणाली अपनाएर किसानको क्षमता अभिवृद्धि गरिने उनले बताइन् । यो आयोजना ललितपुरको खोकना र दक्षिण कालीको हुडुलगायतका क्षेत्रमा कार्यान्वयन भइरहेको छ, जहाँ तरकारीको उत्पादकत्व वृद्धि, पानीको कुशल प्रयोग, एकीकृत शत्रुजीव व्यवस्थापन (आइपीएम) र सन्तुलित मलखाद प्रयोगमा ध्यान दिइनेछ ।

कार्यक्रममा दक्षिणकाली नगर पालिकाका प्रमुख मोहन बस्नेतले यस्ता पहलले चीनबाट नेपालमा प्रविधि र सीप हस्तान्तरण गर्न मद्दत पुग्ने बताए । त्यस्तै, ललितपुर-२१ का वडा अध्यक्ष रवीन्द्र महर्जनले जलवायु-अनुकूल कृषि अभ्यासले खोकनाका स्थानीय किसानलाई ठुलो लाभ पुग्ने आशा व्यक्त गरे । समारोहमा नेपालस्थित चिनियाँ दूतावासका प्रतिनिधि, चोङकिङका चिनियाँ विज्ञ तथा प्राध्यापक र स्थानीय किसान हरूको उपस्थिति थियो ।

पछिल्लो समय सीएफआरडीले नेपालभर आफ्नो उपस्थिति विस्तार गर्दै चितवनमा हाइब्रिड धान प्रदर्शन फार्म, झापामा मत्स्यपालन र पशुपालन प्रविधि जस्ता परियोजनाहरू सञ्चालन गरिरहेको छ । सन् २०१५ देखि नेपालमा कार्यरत यो चिनियाँ गैरसरकारी संस्थाले चिनियाँ विज्ञहरूमार्फत नेपाली किसानलाई प्रत्यक्षरूपमा खेतबारीमै पुगेर किसानलाई आवश्यक तालिम र परामर्श प्रदान गर्दै आएको छ ।

## खेलकुद र ..

**तर्फ विजेता कृष्ण आदर्श मावि, उपविजेता ज्योति मावि, बास्केटबल तर्फ विजेता नवोदय शिशु सदन र उपवपजेता कमाने एकेडेमीलाई शिल्ड, मेडल र प्रमाण पत्र प्रदान गरिएको थियो ।**

**त्यस्तै वडास्तरमा एथलेटिक्सका विभिन्न विधाहरूमा शिक्षकतर्फ ५ "ए" साईड विजेता नवोदय मावि, उपविजेता ब्रम्हदीक मावि, टग अफ वारका विजेता भुटनदेवी मावि, उप विजेता आधुनिक माविलाई पुरस्कृत गरिएको थियो ।**

**सम्पूर्ण खेल महोत्सवमा वडा प्रथम हुन सफल भुटनदेवी माविलाई पुरस्कृत गरिएको शैक्षिक गुणस्तर सुधार समितिका संयोजक श्रीराम दाहालले जानकारी दिए ।**

**कार्यक्रममा वडास्तरीय वादविवाद, कविता, हाजिरी जवाफ, निबन्ध, नेपाली हिज्जे र बक्तृत्वकला प्रतियोगितामा विजेता र उप विजेता हरुलाई पुरस्कृत गरिएको थियो । सबै प्रतियोगितामा करिव १२ सय विद्यार्थीले प्रतियोगितामा भाग लिएको र विजेता र उपविजेता पुरस्कृत करिव ३ सय विद्यार्थी रहेको खेलकुद कार्यक्रम संयोजक राजाराम पोखरेलले जानकारी दिए ।**

**वडास्तरमा कक्षा ८ को परिक्षामा चार जिपिए ल्याउने भुटनदेवी मावि ४ जना, बम्हदीक एकेडेमी ४ जना र नवोदय माविका ३ जना प्रत्येक विद्यार्थीलाई पांच हजार रुपैया र विषयगत ७ जना शिक्षकलाई १० हजार नगद पुरस्कार र प्रमाणपत्र सहित सम्मानित गरिएको वडा कार्यालयका सचिव राम प्रसाद गुरागाईले जानकारी दिए ।**

**कार्यक्रममा १० नं. वडा अध्यक्ष फूर्वादोर्जे लामा, ११ नं. वडा अध्यक्ष जुना दाहाल, राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका प्रमुख बद्री पाठक, वडा सदस्य गीता त्रिपाठी, मकवानपुर बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख संगम चौलागाई, श्रमिक माविका व्यवस्थापन समितिका अध्यक्ष विवेक कार्की, भुटनदेवी आधुनिक राष्ट्रिय माविका शिक्षक कृष्णगोपाल श्रेष्ठलगायतको उपस्थिति थियो ।**

**कार्यक्रम आधुनिक राष्ट्रिय माविमा आयोजना गरिएको थियो ।**

*सिस्टम ह्याक गरी ठेक्का विवरण हेरफेर आरोपी*

# विक्रम पाण्डेसहित २२ जनाविरुद्ध मुद्दा दायर

सन्देश संवाददाता

काठमाडौं/सार्वजनिक खरिद अनुगमन कार्यालयको सिस्टम ह्याक गरी ठेक्काको विवरण नै हेरफेर गरेको आरोपमा २२ जनाविरूद्ध मुद्दा दायर भएको छ। सरकारी वकिलको कार्यालय काठमाडौंले २२ जनाविरूद्ध काठमाडौं जिल्ला अदालतमा शुक्रबार मुद्दा दायर गरेको हो ।

केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले सार्वजनिक खरिद अनुगमन ७ कार्यालयको सिस्टममा विद्युतीय माध्यमबाट अनाधिकृत पहुँच पुऱ्याएको र संगठितरूपमा अपराध गरेको जनाएको छ ।

उनीहरूले यसबीच अभौतिक मुद्रा 'क्रिप्टो करेन्सी' को समेत कारोबार गरी अपराध गरेको आरोप छ । प्रहरीले अनुसन्धानका क्रममा सघन सहरी तथा भवन निर्माण आयोजना धनकुटा शाखाका कम्प्युटर अपरेटर दिवाकर देउजा, भरत धामी, सोली थुम्का निर्माण सेवा प्रालिका सञ्चालक सञ्जय भट्ट, कटुवाल कन्स्ट्रक्सन र शिवओम सप्लायर्सका सञ्चालक सागर कटुवाल, भाष्कर राज अर्याल, गीताञ्जली कन्स्ट्रक्सन दुहबी प्रालिका सञ्चालक जीवन कुमार दासविरूद्ध मुद्दा दायर गरेको छ

त्यस्तै, शिभांस निर्माणका अनिल श्रेष्ठ, भिसान कन्स्ट्रक्सनका टंककुमार श्रेष्ठ, चपुर निर्माणका अमृत बोहोरा, कालिका कन्स्ट्रक्सनका विक्रम पाण्डे, इन्कन प्रालिका स्वदेश पोखरेल, कल्पवृक्ष बिल्डर्सका प्रकाश ढुंगाना र आशिष निर्माणका ऋषिकेश गौलीविरूद्ध मुद्दा दायर गरिएको छ। विक्रम पाण्डे पूर्वमन्त्री तथा राप्रपाका नेतासमेत हुन् । भरत धामी भने प्रहरी हिरासतमा छैनन् ।

यसैगरी केबिए कन्स्ट्रक्सनका राहुलजंग कार्की, मान कन्स्ट्रक्सनका नारायणप्रसाद सिटीखु, रमिता इन्फ्रास्ट्रक्चरका इन्द्रबहादुर बोहरा, इसके कन्स्ट्रक्सनका शान्तकुमार श्रेष्ठ, दक्षिणकाली अलओभर कन्ट्याक्टका निरन्जन खनाल, नन्दी कन्स्ट्रक्सनका कृष्णबहादुर खत्री, आशिष निर्माणका प्रोक्युरमेन्ट अफिसर ज्योति सुवेदी, चपुर सेवाका सरोज दाहाल र राइजिङ पिक कन्स्ट्रक्सनका सुजन अधिकारी फरार छन् ।

सिआइबीका प्रमुख तथा एआइजी मनोजकुमार केसीले सिस्टम ह्याक गर्न केही मानिस खटिएको बताए । यसका लागि ठेकेदारहरूलाई सरकारकै जस्तै अर्को वेबसाइट बनाएर दिइएको उनको भनाइ छ ।

'ठेक्का रकम हेरफेर गर्न एउटा ह्याकर समूह नै खटिएको देखिन्छ । यसरी खटिँदा उनीहरूले एउटा अर्को वेबसाइट बनाएको देखिन्छ । यस मार्फत् उनीहरूले ठेक्कामा के कति रकम परेको छ भन्ने देखिन्थ्यो,' उनले भने, 'त्यसकै आधारमा उनीहरूले रकम हेरफेरसमेत गरेको देखिन्छ ।' ठेकेदार सञ्जय भट्टले आफ्नो बयानमा समेत यसको प्रक्रिया विस्तृतरूपमा स्वीकार गरेका छन् । आफूलाई पिपिएमओको कर्मचारी हुँ, ठेक्का मिलाउन सकिने भनेर मेल आएको उनले बताएका छन् । "गत भदौतिर मलाई म पिपिएमओको कर्मचारी हुँ । तपाईं सोली थुम्का निर्माण सेवाको डाइरेक्टर सञ्जय भट्ट हो ? बधाई छ । तपाईंलाई मद्दत गर्न सक्छौं । तपाईंले हालेको ठेक्का र दोस्रो स्थानमा हुनेको अन्तर २ करोड १० लाख रहेछ,' उनले बयानमा भनेका छन्, 'तपाईं चाहनुहुन्छ भने दुई करोड भन्दा माथिको रेटमा पनि मिलाउन सक्छौं भन्ने मेल आएको थियो ।'

दुई दिनपछि आफूले जबाफ दिएको र त्यसपछि 'डेमो लगइन' र त्यसको युजरनेम र पासवर्ड पठाइएको उनले बताए । त्यसमा ठेक्का २ करोड १० लाख कम देखिन्थ्यो । त्यसपछि ५६ लाख रूपैयाँमा काम हुनेछ र बिटक्वाइन मार्फत् रकम माग गरिएको उनको भनाइ छ । बिटक्वाइनमार्फत् रकम दिने सहमति भएपछि उनले अमेरिकामा रहेका साथीमार्फत् २३ लाख बराबर तिरेका थिए । तैपनि ठेक्का भने नपरेको उनले बताएका छन् ।

त्यस्तै, विक्रम पाण्डेका हकमा पनि ठेक्का प्रक्रियामा रकम हेरफेर गरेको देखिएको सिआइबीले बताएको छ । उनको कम्पनीले एक ठेक्कामा सुरूमा ६७ करोड रूपैयाँ रकम भरेका थिए । पछि उक्त रकम हेरफेर गरी ७ करोड कम गरी ६० करोड बनाएका थिए । पाण्डेले भने यो हेरफेर भएको वियय आफूलाई जानकारी नभएको बताएका छन् ।

सिआईबिले थप अनुसन्धान जारी राखेको जनाएको छ ।

*नाकामा सुरक्षा निगरानी कडा*

# नेपाल प्रवेशमा परिचयपत्र अनिवार्य



सन्देश संवाददाता

वीरगञ्ज/पर्सा र मोरङको सीमावर्ती क्षेत्र जोगवनी नाकामा सुरक्षा निगरानी कडा पार्दै नेपाल प्रवेश गर्ने व्यक्तिका लागि परिचयपत्र अनिवार्य गरिएको छ। पर्सा र मोरङ जिल्ला सुरक्षा समितिको बैठकले सीमा क्षेत्रमा हुने अवैध घुसपैठ तथा आपराधिक गतिविधि नियन्त्रण गर्ने उद्देश्यले यस्तो निर्णय गरेको हो ।

मोरङका सहायक प्रमुख जिल्ला अधिकारी सरोज कोइराला का अनुसार उक्त निर्णय नेपाल पक्षको आन्तरिक सुरक्षा सतर्कताअन्तर्गत गरिएको हो। उनले यो कुनै दुई देश बीचको औपचारिक वार्ताको परिणाम नभई सीमामा अवैध आवतजावत रोक्न अपनाइएको सुरक्षा रणनीति भएको स्पष्ट पारे ।

सुरक्षा स्रोतका अनुसार भारतको पश्चिम बंगाल क्षेत्रमा पछिल्लो राजनीतिक घटनाक्रमपछि सम्भावित अवैध आवतजावतलाई ध्यानमा राख्दै प्रशासनले विशेष सतर्कता अपनाएको हो। विशेषगरी कलकत्ताबाट जोगवनी आउने रेलमार्फत् ठूलो संख्यामा व्यक्तिहरू नेपाल प्रवेश गर्न सक्ने अनुमान गर्दै रेल आगमनको समयमा निगरानी बढाइएको जनाइएको छ ।

प्रशासनले सीमामा परिचयपत्र जाँचलाई कडाइ गर्नुका साथै तालिम प्राप्त कुकुरको समेत प्रयोग गरेर चेकजाँचलाई प्रभावकारी बनाएको जनाएको छ । सुरक्षा निकायले सीमावर्ती क्षेत्रमा फरार अभियुक्तहरूको आवतजावत नियन्त्रण गर्ने उद्देश्यसमेत रहेको बताएका छन् ।

स्रोतका अनुसार सीमाबाट अवैधरूपमा नेपाल प्रवेश गर्ने गतिविधि रोक्न रेल आउने समयमा विशेष सुरक्षा व्यवस्था मिलाइएको छ । प्रशासनले सुरक्षा संवेदनशील तालाई मध्यनजर गर्दै चेकजाँचलाई थप प्रभावकारी बनाउनेछ ।

# शिक्षकका लागि अभिप्रेरणा तथा नवप्रवर्तन सिकाइ कार्यशाला

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा-१८, दोभानचौर स्थित कमला आधारभूत विद्यालयमा शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले 'शिक्षक अभिप्रेरणा तथा नवप्रवर्तन सिकाइ कार्यशाला' सम्पन्न भएको छ । विद्यालयको आयोजनामा एक दिवसीय कार्यक्रम भएको विद्यालयका प्रधानाध्यापक गोविन्द उप्रेतीले जानकारी दिए ।

कार्यशालामा शैक्षिक सत्र २०८३ का लागि नयाँ कार्ययोजना निर्माण र त्यसको कार्यान्वयनको खाका प्रस्तुत गरिएको थियो । सहभागी शिक्षकहरूबीच शैक्षिक योजना, पाठ योजना, गत शैक्षिक सत्रको क्रियाकलापको समीक्षा, विषयगत जिम्मेवारी र अभिलेखीकरणलगायतका विषयमा विस्तृत छलफल भएको प्रधानाध्यापक उप्रेतीले बताए ।

प्रअ उप्रेतीले शिक्षकहरूलाई प्रविधिमैत्री शिक्षणतर्फ आकर्षित गर्न 'सिकाइ चौतारी' एपको प्रयोग र कृत्रिम बुद्धिमता (एआई) को प्रयोगबारे सहजीकरण गरेका थिए । कार्यक्रममा शिक्षकहरूलाई आफ्नो पेसाप्रति थप जिम्मेवार, जवाफदेही र आदर्श शिक्षक बन्न प्रेरित गरिएको उनको भनाइ छ ।

शिक्षकहरूको मनोबल उच्च राख्न विद्यालयले प्रोत्साहनका कार्यक्रमहरूलाई यस वर्ष पनि निरन्तरता दिने भएको छ। प्रधानाध्यापक उप्रेतीका अनुसार विषयगत जिम्मेवारी राम्रोसँग पूरा गर्ने, फुर्सदको समयमा अन्य खाली कक्षामा पठनपाठन गराउने र बिदा बचत गर्ने शिक्षकहरूलाई विद्यालयले वर्षेनी प्रदान गर्दै आएको प्रोत्साहन पुरस्कार यस वर्ष पनि प्रदान गरिनेछ । हाल १७ जना शिक्षक कार्यरत विद्यालयमा नयाँ शैक्षिक सत्रका लागि हालसम्म ५० जना नयाँ विद्यार्थी भर्ना भएका छन् ।

गत शैक्षिक शत्रमा ३३३ जना विद्यार्थीले अध्ययन गरेको विद्यालयमा चालु शैक्षिक सत्रमा विद्यार्थी भर्ना हुने क्रम अझै जारी रहेको प्रअ उप्रेतीले बताए ।

# महिला फुटबल टोलीलाई सहयोग प्राप्त




सन्देश संवाददाता

**हेटौंडा/हेटौंडा-८, कमानेस्थित कमाने एकेडेमी बोर्डिङले हेटौंडा फुटबल एकेडेमीलाई जर्सी सेट सहयोग गरेको छ । बुटवल उपमहानगरपालिकामा सुरु भएको उपमेयर कप राष्ट्रिय महिला फुटबल प्रतियोगितामा सहभागी हुने हेटौंडा महिला फुटबल टोलीलाई एकेडेमीले करिब २० हजार रुपैयाँ बराबरको १८ थान जर्सी एक कार्यक्रमका बिच एकेडेमीका अध्यक्ष भीम लामालाई हस्तान्तरण गरिएको छ ।**

**कार्यक्रममा खेलकुद शिक्षक नविन रेग्मीलगायत विद्यार्थीको उपस्थिती थियो । कमाने फुटबल एकेडेमीका अध्यक्ष तथा शिक्षक अभिभावक संघका अध्यक्ष रमेश थापाले सबैलाई शुभकामना दिए । उनले सबै खेलाडीलाई राष्ट्रयस्तरमा पुऱ्याउने लक्ष्य लिएको बताए ।**

**यसैगरी शनिबारवाट बुटवलमा सुरु भएको महिला फुटबलमा सहभागी हुने हेटौंडा फुटबल एकेडेमीको महिला टोलीको लागि आवश्यक फलफूलको सामाग्री सहयोग प्राप्त भएको हो ।**

**हेटौंडा-५, निवासी सेवा सहयोग र आवाजमा हामी संस्थाका संस्थापक अध्यक्ष विशालराज महतले खेलाडीहरुका लागि करिब २ हजार रुपैयां बराबरको स्याउलगायतका फलफुल सहयोग गरेका हुन् । अध्यक्ष महतले खेलाडीहरुका लागि सहयोग सामाग्री एकेडेमीका अध्यक्ष तथा प्रशिक्षक भीम लामालाई प्रदान गरेका हुन् । यसअघि पनि एकेडेमीलाई महतले आवश्यक सामाग्री सहयोग गरेका थिए ।**

**एकेडेमीले आज सोमबार आफ्नो क्वाटरफाइनल खेलमा काठमाडौंको नेपाल पुलिस क्लबको टिमसंग प्रतिस्पर्धा गर्नुपर्नेछ । उक्त खेलमा जीत निकाले हेटौंडा फुटबल एकेडेमीले सेमीफाइनलको यात्रा पूरा गर्ने प्रशिक्षक लामाले जानकारी दिएका छन् । महिला टोली आइतबार बुटवल प्रस्थान गरेका छन् ।**

**प्रतियोगिताको उपाधि विजेता टिमले २ लाख ५० हजार रुपैयांसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले १ लाख २५ हजार रुपैयांसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।**

**यस्तै, सर्वोकृष्ट खेलाडीलाई २५ हजार तथा अन्य विभिन्न विधाका उत्कृष्ठ खेलाडीलाई १०/१० हजार रुपैयांका दरले पुरस्कार प्राप्त गर्नेछन् ।**

## कमानेमा वाद्यवादन तालिम

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगर पालिका वडा नम्बर ८ कार्यालयको आयोजनामा १५ दिने वाद्यवादन तालिम भइरहेको छ । वडाभित्रका २० जना सहभागी रहेको सो तालिम गत सोमबारदेखि सुरु भएको हो ।

१८ वर्षभन्दा माथिका उमेर समूहका महिलाहरु लक्षित तालिममा वडामा एकादशी भजन मण्डलीमा सक्रिय तथा वाद्यवादनमा इच्छुक महिलाहरु सहभागी रहेको वडा अध्यक्ष रामकृष्ण थापाले जानकारी दिए । तालिममा मादल, गिटार, पियानो र ड्रमसेट सिकाइरहेको समेत वडा अध्यक्ष थापाले बताए ।

यसअघि ३ वर्षदेखि निरन्तर वाद्यवादनको सामग्रीहरु यी समूह हरुलाई प्रदान गर्दै आइरहेकोमा यसवर्ष पनि स्थानीय वाद्यवादन सामग्री सेन्टरका वाद्यवादकहरुद्वारा तालिम प्रदान गरिरहेको थापाले जानकारी दिए ।

यसअघि वडा कार्यालयले मादल, झ्याली, हार्मोनियम, तबला, खैंजडी जस्ता सामग्रीहरु ५ वटा टोलहरुका भजन मण्डलीहरुलाई प्रदान गर्दै आएकोमा भजन समूहहरु समेत समावेश हुने गरी अन्य वाद्य वादनमा चासो राख्ने तथा सीप विकास गर्न चाहने महिलाहरुलाई तालिममा सहभागी गराइएको वडा कार्यालयले जनाएको छ ।

कार्यालयले डेढ लाख खर्च गरी सञ्चालन गरेको यो तालिमले वाद्यवादनको सीप प्रयोग गरी व्यवसायी बन्ने अवसरसमेत रहने वडाअध्यक्ष थापाले दावी गरेका छन् ।

## रास्वपाले वडा र पालिकाको अधिवेशन दुई चरणमा गर्ने

काठमाडौं/रास्वपाले वडा र पालिका तहको अधिवेशन दुई चरणमा गर्नेगरी मिति तय गरेको छ । आइतबार बसेको सचिवालय बैठकले जेठको ३ र १६ गते दुई चरणमा हुने गरी वडा अधिवेशनको मिति टुंगो लगाएको हो। पालिका अधिवेशन जेठ १० र जेठ १७ गते गर्ने गरी मिति तय गरिएको छ ।

वैशाख २० अघि समिति गठन भएका वडामा जेठ ३ गते अधिवेशन हुनेछ भने जेठ ३ गतेसम्म वडा समिति बनेका स्थानमा १६ जेठमा वडा अधिवेशन गर्ने भएको छ ।

वैशाख २५ गतेअघि समिति गठन भएका पालिकामा जेठ १० गते अधिवेशन हुनेछ। जेठ १० गते अघिसम्म समिति गठन भएका बाँकीको अधिवेशनको समय जेठ १७ गतेका लागि तोकिएको छ ।

# मुख्यमन्त्री विजयको ३ निर्णय

हेटौंडा/छिमेकी राष्ट्र भारतको तमिलनाडु मुख्यमन्त्रीको शपथ लिएपछि थालापति विजयले तीन निर्णय गरेका छन् ।

आइतबार चेन्नईमा शपथपछि उनले तीनवटा निर्णयमा हस्ताक्षर गरेको बिबिसीले जनाएको छ। उनले प्रत्येक परिवारलाई २०० युनिटसम्मको बिजुली निःशुल्क, लागुऔषध दुर्व्यसनी हटाउन प्रत्येक जिल्लामा विशेष बल बनाउने र महिलाहरूको सुरक्षाका लागि एउटा स्पेशल टास्क फोर्स गठन गर्ने निर्णय गरेका छन् ।

उनी नेतृत्वको तमिलगा वेत्री कजगम (टिभिके)ले बहुमत जुटाए पछि राज्यपाल राजेन्द्र अर्लेकरले विजयलाई आइतबार मुख्यमन्त्री नियुक्त गरेका थिए ।



टिभिकेलाई कंग्रेस आई, सिपआई, सिपिएम, विदुथलाई चिरुथैगल कच्ची (भीसीके) र इन्डियन युनियन मुस्लिम लिग (आईयूएमएल)ले समर्थन दिएको छ । २३४ सदस्यीय तमिलनाडु विधानसभा निर्वाचनमा टिभीकेले १०८ सिट जितेको थियो ।

विजय स्वयं दुई सिटबाट निर्वाचित भएकाले एक सिट छाड्नु पर्नेछ । त्यसपछि टिभीकेको संख्या १०७ मा झर्नेछ र सदनको प्रभावकारी संख्या २३३ हुनेछ । बहुमतका लागि ११७ सांसद आवश्यक पर्नेछ ।

**आकर्षक घडेरी बिक्रीमा**

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ । ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।

**सम्पर्क नम्बर : ९८४५१२३३६६**

**ब्लु हेवन टेलर्स सरेको सूचना**

**हेटौंडाको पुरानो लोकप्रिय ब्लु हेवन टेलर्स सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको शाक्य प्लाजा मा सरेको जानकारी गराउंदछौं ।**

सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं ।

